# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १२६ | काठमाडौं | बुधबार, ११ भदौ २०८२ | Prabhab National Daily | Wednesday, 27 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


इम्बोस्ड नम्बर प्लेट विवाद

## अनिवार्य जडान गर्ने निर्णयबाट पछि हट्यो सरकार

- यातायात व्यवस्था विभागले यसअघि भदौ ३ गते सूचना जारी गर्दै असोज १ देखि अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने उल्लेख गरेको थियो
- लिपि तथा शुल्क विवाद देखाउँदै नेपाल यातायात व्यावसायी राष्ट्रिय महासंघले विभागको यो निर्णय यथास्थितिमा नमान्ने र इम्बोस्ड नम्बर प्लेट जडान नगर्ने अडान लियो
- चौतर्फी विरोधपछि विभागले इम्बोस्ड नम्बर जडान नगर्नेमाथि कारबाही नहुने र अनिवार्य नभई आफूअनुकूल समयमा जडान गर्न आग्रह गरेको छ




■ प्रभाव संवाददाता

**काठमाडौं–** चौतर्फी विरोध र दबाबपछि सरकार सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नुपर्ने नीतिबाट पछि हटेको छ । यातायात व्यवस्था विभागले मंगलबार विज्ञप्ति जारी गर्दै आफूअनुकूल समयमा इम्बोस्ड नम्बर जडान गर्न सकिने भन्दै कडाइ गर्ने नीतिबाट पछि हटेको हो ।

विभागले यसअघि भदौ ३ गते सूचना जारी गर्दै असोज १ देखि सवारीसाधन दर्ता, नवीकरण तथा नामसारी गर्दा अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्न निर्देशन दिएको थियो । उक्त निर्देशनसँगै सरकारको चौतर्फी आलोचना भयो । यातायात व्यवसायीहरूले यथास्थितिमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न नसकिने भन्दै विरोध जनाए । अन्ततः आफैंले निकालेको उक्त सूचनाले भ्रम सिर्जना भएको उल्लेख गर्दै विभागका महानिर्देशक राजीव पोखरेलले मंगलबार विज्ञप्तिमार्फत कुनै जरिवानासमेत नहुने प्रस्ट पारेका हुन् ।

'इम्बोस्ड नम्बर प्लेट जडान सम्बन्धमा सम्पूर्ण सरकारी, निजी र सार्वजनिक सवारीसाधनहरूमा क्रमशः जोड्दै लैजाने निर्णय भएको तर मिति २०८२ असोज १ गतेदेखि जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारबाहीमा परिने भन्ने भ्रमसमेत उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड/जरिवाना नगरिने व्यहोरासमेत स्पष्ट पारिन्छ,' महानिर्देशक पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'साथै आफूलाई अनुकूल भएको समयमा सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वःस्फूर्त ढंगले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटलाइजेसन कार्यमा सहयोग गर्नसमेत अनुरोध गरिन्छ ।'

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा साउन २० गते बसेको बैठकले सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्यरूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने निर्णय गरेको थियो । 'मन्त्रीज्यूको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकको निर्णयानुसार सबै प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयहरूबाट २०८२ असोज १ गतेदेखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्यरूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने भएकोले सबै सवारीधनीहरूले यथाशीघ्र सम्बन्धित यातायात कार्यालयहरूमा गई हाइ सेकुरिटी इम्बोस्ड नम्बर प्लेट जडान गर्नुहुन यसै सूचनामार्फत जानकारी गराइन्छ,' भदौ ३ गते विभागले जारी गरेको सूचनामा भनिएको थियो ।

नेपाल यातायात व्यावसायी राष्ट्रिय महासंघले विभागको यो निर्णय यथास्थितिमा नमान्ने र व्यवसायीले विरोध गर्ने जनायो । 'यथास्थितिमा एम्बोस्ड नम्बर लगाउने निर्णयको देशभरिका व्यवसायीहरूबाट विरोध गर्न अनुरोध गर्दै एम्बोस्ड नम्बर प्लेट नलगाउनसमेत अपिल गर्दछौं,' सोमबार महासंघका महासचिव डेकनाथ गौतमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

## संविधानको व्यवस्थाविरुद्ध निजी विद्यालय सञ्चालक

### निजी लगानीका विद्यालय सञ्चालन गर्दा 'लोककल्याणकारी र सेवामूलक रूपमा सञ्चालन गर्नुपर्ने' प्रावधान सच्याउन दबाब



सरकारले नै २०५८ सालमा कम्पनी, गुठी वा निजी गुठीका रूपमा लैजाने विकल्प दियो । अहिले गैरनाफामूलक बन्नु भन्दा हुन्छ ? यो त कानुनीरूपमा गलत छ । आधारभूतरूपमै हामीलाई अमान्य छ ।

**कृष्ण अधिकारी**
अध्यक्ष, प्याब्सन



हामी संविधानउन्मुख हुनुपर्छ । त्यसतर्फ शिक्षालाई अगाडि लानुपर्छ । निजी विद्यालयका साथीहरूले यसमा मन दुखाउनुपर्ने छैन । यो त सरकारको दृष्टिकोण हो ।

**छविलाल विश्वकर्मा**
सांसद, नेकपा एमाले



संविधानमा क्रमशः शिक्षा र स्वास्थ्यलाई निःशुल्क बनाउने भनिएको छ र अहिले संसद्ले त्यसअनुसारको कानुन निर्माण गर्दै छ, तर यसविरुद्ध निजी विद्यालयका सञ्चालकहरूको आन्दोलित हुनु भनेको संविधानको विरुद्धमा उभिनु हो, यो ठीक होइन ।

**दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता




■ जेबी योञ्जन

- संविधान र सर्वोच्च अदालतको व्याख्याले नाफामूलक शिक्षाको परिकल्पना गरेको छैन
- निजी विद्यालय सञ्चालकहरु भने गैरनाफामूलक शिक्षालाई हटाउनुपर्ने माग गर्दै आन्दोलनमा

**काठमाडौं–** निजी विद्यालय सञ्चालकहरूले विद्यालय शिक्षा विधेयकमा उल्लिखित 'गैरनाफामूलक' शब्द हटाउन सरकारमाथि लगातार दबाब बढाएका छन् । उनीहरूका अनुसार विधेयकमा राखिएको यस्तो प्रावधानले सरकार र निजी विद्यालय सञ्चालक दुवैलाई फाइदा गर्दैन । त्यही भएर प्रतिनिधिसभाले शिक्षा 'गैरनाफामूलक' भन्ने शब्द हटाउनुपर्ने उनीहरूको सुझाव छ ।

निजी तथा आवासीय विद्यालयहरूको संगठन (प्याब्सन)का अध्यक्ष कृष्ण अधिकारीले शिक्षालाई गैरनाफामूलक बनाउने भन्ने प्रस्ताव आधारभूत र कानुनीरूपमै गलत रहेको तर्क गरे । 'सरकारले नै २०५८ सालमा कम्पनी, गुठी वा निजी गुठीका रूपमा लैजाने विकल्प दियो । अहिले गैरनाफामूलक बन्नु भन्दा हुन्छ ?,' उनले प्रभावसँग भने, 'यो त कानुनीरूपमा गलत छ । आधारभूतरूपमै हामीलाई अमान्य छ ।'

नेपालको संविधानमा अनिवार्य र निःशुल्क शिक्षाको प्रावधान छ । संविधानको धारा ३१ को उपधारा २ मा भनिएको छ, 'प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने छ ।' यो प्रावधान देशलाई समाजवादउन्मुख बनाउन औचित्यपूर्ण हुने ठानिएको छ ।


संविधानका जानकार वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी संविधानले शिक्षालाई नाफामूलक हुने परिकल्पना नगरेको बताउँछन् । शिक्षामा व्यापारलाई संविधानले अस्वीकार गरेको उनको भनाइ छ । तर, निजी विद्यालय सञ्चालकहरूले गैरनाफामूलक शिक्षा हुन नसक्ने भन्दै आन्दोलन गर्नु संविधानको खिलाफमा उभिएको अर्थमा बुझिनुपर्ने अधिवक्ता त्रिपाठी बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## युएईमा कार्यरत विज्ञ व्यक्तिहरूको विवरण संकलन गर्दै दूतावास

■ प्रभाव संवाददाता



युएईमा कार्यरत डाक्टर, इञ्जिनियर, आइटी इञ्जिनियर, पाइलट, चार्टर्ड एकाउण्टेण्ट, प्राध्यापक, अनुसन्धान तथा नवप्रवर्तन, प्रबन्धक, विज्ञान प्रविधिलगायत क्षेत्रका विज्ञ व्यक्तिहरूलाई विवरण पठाउन दूतावासको आग्रह

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाल राजदूतावासले त्यहाँ कार्यरत नेपाली विज्ञहरूलाई समेटेर विभिन्न कार्यक्रम सञ्चालन गर्ने भएको छ । विदेशमा कार्यरत विद्वत् वर्गलाई मुलुकको विकास प्रक्रियामा परिचालन गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

यसका लागि दूतावासले युएईमा कार्यरत डाक्टर, इञ्जिनियर, आइटी इञ्जिनियर, पाइलट, चार्टर्ड एकाउण्टेण्ट, प्राध्यापक, अनुसन्धान तथा नवप्रवर्तन, प्रबन्धक, विज्ञान प्रविधिलगायत क्षेत्रका विज्ञ व्यक्तिहरूको विवरण संकलनको काम थालेको छ । दूतावासले सोमबार एक सूचनामार्फत उल्लिखित विषयका विज्ञ व्यक्तिहरूलाई आफ्नो विवरण उपलब्ध गराउन आह्वान गरेको छ । दूतावासले उपलब्ध गराएको क्विआरमार्फत आफ्नो विवरण पठाउन सकिने दूतावासले जानकारी दिएको छ ।

'विदेशमा रहेका विद्वत् वर्गलाई मुलुकको विकास प्रक्रियामा परिचालन गर्ने एवं उहाँहरूले मुलुकलाई पुऱ्याउनुभएको योगदानको कदर गर्ने उद्देश्यले परराष्ट्र मन्त्रालयअन्तर्गत प्रतिभा प्राप्ति केन्द्र (ब्रेन गेन सेण्टर) सञ्चालनमा रहेको छ,' दूतावासको सूचनामा भनिएको छ, 'विज्ञहरूलाई लक्षित गरी आयोजना गरिने अन्तरक्रियात्मक कार्यक्रम तथा परराष्ट्र मन्त्रालयअन्तर्गत सञ्चालित प्रतिभा प्राप्ति केन्द्रद्वारा अन्तर्राष्ट्रिय तथा विविध समसामयिक विषयहरूमा दक्षता एवं विज्ञता हासिल गरेका व्यक्तित्वहरूसँग नियमित अन्तरक्रिया गर्न आवश्यक देखिएकोसमेत जानकारी गराइन्छ ।'

यसैगरी युएईमा अध्ययनरत विद्यार्थी एवं ट्राभल/टुरिज्म र अन्य व्यावसायिक क्षेत्रमा काम गर्नेहरूको तथ्यांक संकलनका लागि छुट्टै सूचना जारी गरिने दूतावासले जानकारी दिएको छ । पछिल्लो समय युएई नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बन्दै गएको छ ।

क्रमशः पृष्ठ २ मा

## झापामा नागरिकता लिनेभन्दा राहदानी बनाउने धेरै

**झापा (प्रस)–** चालु आर्थिक वर्षको पहिलो महिना साउनमा झापाबाट नागरिकता प्रमाणपत्र लिनेभन्दा राहदानी लिने धेरै देखिएका छन् ।

जिल्ला प्रशासन कार्यालय झापाले उक्त महिना एक हजार २८९ जनालाई नागरिकता वितरण गरेको तथ्यांक छ । जबकि सोही महिना दुई हजार ३३३ जनाले राहदानी लिएका छन् । सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाका अनुसार जिल्ला प्रशासन कार्यालयसहित दमक र गौरीगञ्जको इलाका प्रशासन कार्यालयबाट नागरिकता र राहदानी वितरण हुँदै आएको छ ।

गत एक वर्षको तथ्यांकले समेत नागरिकताको तुलनामा राहदानी लिने धेरै रहेको देखाउँछ । आर्थिक वर्ष २०८१/८२ मा झापामा २२ हजार ७७७ जनालाई नागरिकता प्रमाणपत्र वितरण गरिएको थियो । सोही आवमा झापाबाट राहदानी प्रमाणपत्र लिनेको संख्या ३३ हजार २२४ पुगेको सहायक प्रजिअ निरौलाले जानकारी दिए ।

गत साउनमा वैदेशिक रोजगारीमा धेरै श्रमिक गएको जिल्लामासमेत झापा दोस्रो स्थानमा परेको छ । जिल्लागत तथ्यांकअनुसार उक्त महिना रोजगारीका लागि सबैभन्दा बढी धनुषाबाट तीन हजार ३४८ गएका थिए । धनुषापछि झापाबाट दुई हजार ९६१ जना रोजगारीका लागि विभिन्न मुलुक गएको तथ्यांक छ । सोही महिना नेपालबाट रोजगारीका लागि विदेसिएका महिलाहरूमा सबैभन्दा बढी झापाका रहेका छन् । साउनमा झापाबाट ७१० जना महिला वैदेशिक रोजगारीमा गएको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ ।




# डाक्टर र इञ्जिनियर पढ्नेलाई गाउँपालिकाको छात्रवृत्ति

**दार्चुला (प्रस)–** यहाँको दुहुँ गाउँपालिकाले स्थानीय विद्यार्थीलाई डाक्टर र इञ्जिनियर बनाउन छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ। पालिकाले कूल खर्चको ५० प्रतिशत रकम छात्रवृत्तिस्वरूप विद्यार्थीलाई उपलब्ध गराउँदै आएको छ।

वि.सं. २०७९ मा नरेन्द्रबहादुर सिंह बडाल अध्यक्षमा निर्वाचित भएपछि सुरु गरिएको यो कार्यक्रम २०८० सालदेखि नियमितरूपमा सञ्चालनमा छ। हालसम्म दुहुँका आठ जनाले एमबिबिएस, बिई सिभिल र बिई कम्प्युटर इञ्जिनियरिङमा छात्रवृत्ति प्राप्त गरी अध्ययनरत छन्। छात्रवृत्ति प्राप्त विद्यार्थीले अध्ययन सकिएपछि कम्तीमा एक वर्ष गाउँपालिकामै सेवा गर्नुपर्ने व्यवस्था गरिएको छ।

गाउँपालिकाबाट प्राप्त छात्रवृत्तिले छोरालाई पढाउन निकै सहज भएको अभिभावक भगवती बडालले बताइन्। छोरा भूपेन्द्रको इञ्जिनियरिङ पूरा गर्न कूल आठ लाख ५० हजार रूपैयाँ लाग्नेमा गाउँपालिकाले चार लाख २५ हजार रूपैयाँ छात्रवृत्तिस्वरूप दिने भएपछि पढाइमा सहज भएको उनको भनाइ छ।

शिक्षा क्षेत्रमा थप लगानी गर्दै गाउँपालिकाले कक्षा १० सम्म पूर्णरूपमा निःशुल्क गरेको छ। दुहुँ गाउँपालिकाले अनाथ बालबालिकाका लागि आवासीय अनाथालय सञ्चालन गरेर गाँस, बास, कपाससहित पढाइको सुविधा दिएको छ। 'टुहुरा बालबालिका, सहारा गाउँपालिका' कार्यक्रममार्फत १२ छात्र र तीन छात्रालाई आवासीय अनाथालय विद्यालयमा पढाइरहेको गाउँपालिकाले जानकारी दिएको छ।

# वीरगञ्जमा ९३ जनामा देखियो हैजा

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज महानगरमा सोमबारसम्म हैजाबाट संक्रमित हुनेको संख्या ९३ पुगेको छ। महानगरमा हैजा रोकथाम र नियन्त्रणका लागि तीनवटै सरकारले अधिकतम प्रयास जारी राखे पनि हैजा संक्रमतिको संख्या घटेको छैन।

आइतबार बेलुकासम्म ७१ जनामा हैजाको संक्रमण पुष्टि भएको थियो। स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले अहिलेसम्म वीरगञ्जमा ९३ जना हैजाका संक्रमित फेला पारेको जानकारी दिए। उनका अनुसार हालसम्म वीरगञ्जका विभिन्न अस्पतालमा १६६ जना हैजाका बिरामी उपचाररत रहेको र १७८ जना उपचारपछि घर फर्किएका छन्।

नारायणी अस्पतालमा आरडिटी जाँचमा ३२ जना बिरामीमा कलेरा संक्रण भेटिएको छ। साथै तराई अस्पतालमा ३२ जना, नेसनल मेडिकल कलेजमा १२ जना, भवानी अस्पताल, वीरगञ्ज हेल्थ केयर, मंगलम प्याथोलोजीमा तीन-तीन जनामा हैजाको संक्रमण देखिएको छ। अर्ली अर्थो अस्पतालमा भने दुई जना हैजाका बिरामी भेटिएका छन्।

## Invitation for Bids

Notice No.: 02/082/83

**First Publication Date: 2082/05/11 (2025-08-27)**

1. Road Division Charikot invites bids from registered eligible contractors for following works.

| S.N. | Contract No. | Name of Projects | Bid Security Amount (NRs) |
|---|---|---|---|
| 1 | RDCHT/33701169/082/83-05 | Roadway Construction/Improvement works at Gaikharkha-Healthpost-Jorpol Road, Indrawati Gaupalika Ward no.9 and 10, Sindhupalchowk | 700,000.00 |
| 2 | RDCHT/33701138/082/83-06 | Rehabilitation works on Bandeu-Chautara Road, NH-31, Sindhupalchowk | 700,000.00 |
| 3 | RDCHT/33701169/082/83-07 | Roadway Works At Bhorle-Tinakhu-Evithan-Chankhu-Marbu-Tsho Rolpa Himali Paryatan Sadak, Dolakha | 700,000.00 |
| 4 | RDCHT/33701169/082/83-08 | Roadway Works At Mildanda-Bangaun Sadak, Dolakha | 700,000.00 |
| 5 | RDCHT/33701169/082/83-09 | Roadway Works at MainaPokhari-Bagar-Mirge Sadak (Pashupati vChaulagain Marga), Dolakha | 700,000.00 |
| 6 | RDCHT/33701169/082/83-10 | Roadway Works at Malukhola-Dhanukey-Buddhachowk Sadak, Melung Ga. Pa., Dolakha | 700,000.00 |
| 7 | RDCHT/33701169/082/83-11 | Roadway works at Kirne-Govardhantar Sadak, Dolakha | 700,000.00 |

2. For detail, eligible bidders may visit www.bolpatra.gov.np/egp
3. Non refundable bid document fee: NRs. 5000

**Division Chief**

## पृष्ठ १ बाट क्रमशः

### संविधानको...

'संविधानमा क्रमशः शिक्षा र स्वास्थ्यलाई निःशुल्क बनाउने भनिएको छ र अहिले संसद्ले त्यसअनुसारको कानुन निर्माण गर्दै छ, तर यसविरुद्ध निजी विद्यालयका सञ्चालकहरूको आन्दोलित हुनु भनेको संविधानको विरुद्धमा उभिनु हो, यो ठीक होइन,' उनले भने। नेपालभर झण्डै ३५ हजारको संख्यामा विद्यालय छन्। त्यसमध्ये छ हजारभन्दा बढी निजी विद्यालय छन्। यी विद्यालयका सञ्चालकहरूले प्रतिनिधिसभामा प्रस्तुत भइसकेको विद्यालय शिक्षा विधेयकले शिक्षामा लगानीमैत्री वातावरण नबनेको गुनासो गरिरहेका छन्।

तर विधेयकको मस्यौदा उपसमिति संयोजक रहिसकेका नेकपा एमालेका सांसद छविलाल विश्वकर्मा भने गैरनाफामूलक शिक्षालाई सरकारको भविष्यको दृष्टिकोणको रूपमा अर्थ्याउँछन्। उनले भने, 'हामी संविधानउन्मुख हुनुपर्छ। त्यसतर्फ शिक्षालाई अगाडि लानुपर्छ। निजी विद्यालयका साथीहरूले यसमा मन दुखाउनुपर्ने छैन। यो त सरकारको दृष्टिकोण हो।'

उनले विद्यालय शिक्षाको पूर्णरूपमा जिम्मेवार र जवाफदेही सरकार नै हुनुपर्ने र त्यसतर्फ अग्रसर हुने कदमको रूपमा लिनुपर्ने पनि बताए। 'अहिले नै सरकारको सामार्थ्य बनिसकेको छैन कि शिक्षाप्रति पूर्णरूपमा जिम्मेवार हुनेबारे,' उनले भने, 'पछि राज्यले सामार्थ्य बनाउँदै जाँदा त्यो अवस्थामा पुग्न सकिन्छ।' प्रतिनिधिसभाको शिक्षा समिति सदस्य रहेका कांग्रेस सांसद डा. चन्द्र भण्डारी पनि विधेयकमा राखिएको गैरनाफामूलक शिक्षाको विरोध गर्नु तुक नभएको बताउँछन्। उनले गैरनाफामूलक शब्दलाई संवैधानिक भाषा भएको पनि बताए।

'संविधानको मर्मअनुसार हामीले कानुन बनाउनुपर्छ र संविधानले शिक्षालाई नाफामूलक नभनेको हुँदा हामीले गैरनाफामूलक शब्द प्रयोग गर्नुपर्थ्यो, र गरेका छौं,' उनले भने, 'यो संवैधानिक भाषा हो। यसमा आपत्ति जनाउनुपर्ने देख्दिनँ।'

गत २२ साउनमा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विधेयक संशोधनसहित पारित गरेको थियो। सो विधेयक हाल प्रतिनिधिसभामा विचाराधीन छ। प्रतिनिधिसभाले गैरनाफामूलक शब्द हटाउँछ कि हटाउँदैन ? हेर्न बाँकी छ। तर, राज्यको निर्देशक सिद्धान्तसम्बन्धी व्यवस्थाको धारा ज (२) मा शिक्षालाई सेवामूलक बनाउने उल्लेख छ। त्यहाँ भनिएको छ, 'शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाइने छ।'

निजी लगानीका विद्यालय कस्तो हुनुपर्ने भन्ने विषयमा सर्वोच्च अदालतले तीन वर्षअघि नै व्याख्या गरेको छ। न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरि फुँयालको संवैधानिक इजलासले निजी लगानीका विद्यालयहरूको हकमा शिक्षा नाफाभन्दा सेवा प्रमुख हुनुपर्ने भनेको थियो। यसरी संवैधानिक प्रावधान र सर्वोच्चको व्याख्याको आधारमा प्रतिनिधिसभाको शिक्षा समितिले शिक्षालाई गैरनाफामूलक बनाउने प्रावधान राखेको हो।

विधेयकको दफा ४ को उपदफा ९ मा छ, 'निजी लगानीका विद्यालय सञ्चालन गर्दा लोककल्याणकारी र सेवामूलकरूपमा सञ्चालन गर्नुपर्ने छ।' २०७२ सालयता कम्पनी मोडलमा निजी विद्यालय दर्ता गर्न रोक लगाइएको छ। तर, विधेयकले दर्तालाई खुला गरेको छ। निजी लगानीका विद्यालय स्थापना गर्न चाहनेले स्थानीय तहमा विवरण खुलाई अनुमतिका लागि निवेदन दिनुपर्ने छ।

■■■

### अनिवार्य...

देशभर रहेका यातायात व्यवस्था कार्यालयहरूमा एम्बोस्ड नम्बर लगाउने प्रविधिको विकास भइनसकेको र भौतिक पूर्वाधारविना राजस्व असुली गर्ने कार्य न्यायोचित नभएको ठहर महासंघको छ।

विभागले मोटरसाइकलको इम्बोस्ड नम्बर राख्न दुई हजार ५०० रूपैयाँ, तीन पांग्रेको दुई हजार ९००, चारपांग्रेको तीन हजार २०० र ठूला सवारीसाधनको ३,६०० रूपैयाँ शुल्क लिने गर्छ। पूर्वाधारको तयारीविना जनताबाट राजस्व उठाउन र दुःख दिने नियत सरकारले लिएको व्यवसायीको आरोप छ। विभागले भने यो मूल्य सामान्य रहेको र पूर्वाधारको व्यवस्था भइसकेको दाबी गरेको छ। 'विभाग एवं प्रदेश कार्यालयहरूबाट जडानमा सहजताका लागि उक्त स्थानहरूमा पूर्वाधार र जनशक्तिको व्यवस्था गरिएको र सेवाग्राही तथा सवारीधनीहरूको सहजताका लागि आवश्यकतानुसार थप प्रबन्धसमेत गर्दै लगिएको व्यहोरा अनुरोध छ,' विभागले भनेको छ।

लिपिका कारण पनि इम्बोस्ड नम्बर प्लेटको चौतर्फी विरोध भएको थियो। अंग्रेजी लिपिमा राखिएको नम्बर प्लेट देवनागरी लिपिमा हुनुपर्ने माग छ। विभागले भने नागरिकतादेखि राष्ट्रिय परिचयपत्रमासमेत अंग्रेजी भाषा प्रयोग भएको उल्लेख गर्दै इम्बोस्ड प्लेट पनि अंग्रेजी लिपि राखिएको जिकिर गरेको छ। 'भाषाको विषयमा सम्झौतामा उल्लेख भएअनुसार नै अंग्रेजी लिपिको प्रयोग गर्ने निर्णय भएको र हालको अवस्थामा सवारी चालक अनुमतिपत्र, राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतमासमेत अंग्रेजी लिपि प्रयोग भएको अवस्थासमेत प्रस्ट नै छ,' विभागले भनेको छ।

सरकारले २०७४ सालमा अमेरिका र बंगलादेशको कम्पनी संयुक्त उपक्रम डेकाटर टाइगर आइटीसँग करिब पाँच अर्ब ४२ करोड रूपैयाँमा सम्झौता गरेको थियो। तर, त्यतिबेला न्यूनतम मूल्य प्रस्ताव गर्ने कम्पनीलाई पन्छाएर उच्च मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरिएको आरोप लाग्दै आएको छ।

इम्बोस्ड नम्बर ट्र्याकिङका लागि आवश्यक पूर्वाधारसमेत सरकारले बनाएको छैन। प्रत्येक प्रदेशको मुख्य राजमार्गको प्रवेशबिन्दुमा निर्माण गर्ने भनिएको रेडियो फ्रिक्वेन्सी गेट काठमाडौं उपत्यकाबाहेक अन्यत्र कहीँ बनेको छैन। कोशी प्रदेशको इटहरीमा, मधेस प्रदेशको पथलैयामा, लुम्बिनीको बुटवलमा, कर्णालीको सुर्खेतमा र गण्डकी प्रदेशको पोखरानजिक पृथ्वी राजमार्गमा फ्रिक्वेन्सी गेट बनाउने सरकारको योजना छ। यद्यपि, हालसम्म यस्तो गेट बन्न बाँकी नै रहेको यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेशमानसिंह राईले बताए। यसरी पूर्वाधार नबन्दै इम्बोस्ड अनिवार्य गर्न हतारिएको सरकार अन्ततः 'ब्याक' हुनु परेको छ।

■■■

### युएईमा...

ख वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको गत साउन महिनाको तथ्यांकअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेमध्ये सबैभन्दा बढी युएईका लागि रहेका छन्। साउन महिनामा युएई जानका लागि २३ हजार ८३८ जनाले श्रम स्वीकृति लिएका हुन्। जसमा २० हजार ३५७ जना पुरुष र तीन हजार ४८१ जना महिला रहेका छन्। यो संख्या संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो।

## बिमालेख हरायो

मिति २०८२/०४/०३ गते नेपालगञ्जबाट पोखरा जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : आयाम पन्त (Aayam Pant)**
**ठेगाना : नेपालगञ्ज-१३, बाँके**
**बिमालेख नं.:** १४०००५७९३
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं :** ९८४१२१८२५५

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०७/११ मा दर्ता भएको **प्रा. लि. नं. ३५४३६२/०८१/०८२** को श्री **आदित्य गेष्ट हाउस एण्ड भोजनालय प्रा. लि.** को मिति २०८२/०५/१० को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## सूचना! सूचना!! सूचना!!!

सूचना तथा प्रसारण विभाग दर्ता नं. १९७६/०७७/०७८ मिति २०७७/०४/१४ मा दर्ता रहेको **ग्रहौ कालिका मीडिया हाउस**द्वारा संचालित www.merodristy.com नामक अनलाईन समाचार माध्यमको दर्ता खारेज गरिने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारहरूको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा यो सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र यस कम्पनीको ठेगाना वालिङ-१०, सञ्चालकको मोबाइल नं ९८५६०५५१४० वा ईमेल www.merodristy@gmail Com सम्पर्क गर्नु हुन अनुरोध छ। साथै समयमा उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत अनुरोध छ।

## Pachrauta Municipality
## Office of Municipal Executive

**Benauli, Bara**
**Madhesh Pradesh, Nepal**

## Re-Invitation for Bids

**Invitation for Bids No.: NCB/PMUN/W/02/2082-083**

**Date of publication: 27-08-2025**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of wada no.05 bhari sadak dhalan tatha nala nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 11210579.29 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov. mp/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.mp./egp.. Bidders, submitting their bid electronically, should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| Name of the Bank: | NMB Bank Ltd. |
| Name of Office: | Pachrauta Municipality, Bara |
| Office Code no: | 80221403300 |
| Office Account no: | 1140083164100010 |
| Rajaswa (revenue) Shirshak no.: | 14229 |
| Bid Document Cost : | Nrs. 3000.00 |

4. Pre-bid meeting shall be held at Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal at 14-09-2025 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, 5. Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 26-09-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-09-2025 13:00 at the office of Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 323500.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## तस्बिरमा तीजको उत्सव


१


२


३


४


५


६

१) हरितालिका तीजको दिन मंगलबार बिहानै काठमाडौंस्थित पशुपतिनाथ मन्दिरमा पूजाअर्चना गर्न आएका भक्तजन ।
२) पशुपतिनाथ मन्दिर परिसरमा मंगलबार दिउँसो तीज गीतमा नृत्य प्रस्तुत गर्दै भक्तजन ।
३) आराध्यदेव भगवान् शिवको पूजाआजा गर्दै नवलपुरको गैँडाकोटका महिलाहरु ।
४) कैलालीको धनगढी उपमहानगरपालिका-२ कृष्णनगरस्थित एक स्थानीयको घरमा पूजा गर्दै व्रतालु महिलाहरु ।
५) काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-७ को ऐतिहासिक धार्मिकस्थल इन्द्रेश्वर महादेव मन्दिरमा पूजा आराधनापछि मन्दिर परिसरमा नाचगान गर्दै भक्तजन ।
६) पाँचथरको सदरमुकाम फिदिमस्थित सिद्धेश्वर शिव मन्दिरमा पूजा आराधना गर्न आएका भक्तजन ।

*तस्बिरहरू: रासस*

# राज्य व्यवस्था समिति सभापतिमा न्यौपाने



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको सभापति पदमा नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपाने निर्विरोध हुने भएकी छन् ।

मंगलबार उक्त पदका लागि उनको मात्र उम्मेदवारी परेपछि निर्विरोध निर्वाचित हुने निश्चित भएको हो । समितिको आज बस्ने बैठकमा प्रस्तावकले एकमात्र प्रस्ताव परेको जानकारी दिएपछि उनी निर्विरोध भएको औपचारिक घोषणा हुने छ ।

निजामती सेवा विधेकको 'कुलिङ अफ पिरियड'मा भएको अनधिकृत हेरफेर प्रकरणमा मुछिएपछि रामहरि खतिवडाले राजीनामा दिएपछि सभापति पद रिक्त भएको थियो । रिक्त पद पूर्तिका लागि मंगलबार उम्मेदवारी दर्ताको समय तोकिएकोमा न्यौपानेको मात्रै उम्मेदवारी परेको हो । उनको प्रस्तावकमा कांग्रेस सांसद एवं समितिका निवर्तमान सभापति खतिवडा र समर्थकमा नेकपा एमालेका सांसद कृष्णगोपाल श्रेष्ठ रहेका थिए ।

सोही समितिकी सदस्य रहेकी न्यौपाने सार्वजनिक सुनुवाइ समितिकी सभापतिसमेत थिइन् । उनले मंगलबार नै सभामुखसमक्ष सार्वजनिक सुनुवाइ समितिको सभापति पदबाट राजीनामा दिएकी थिइन् ।

नेपाल विद्यार्थी संघबाट राजनीति सुरु गरेकी न्यौपाने हाल पार्टीको केन्द्रीय सदस्य छिन् । यसअघि उनी दुवै संविधानसभामा सदस्य थिइन् भने पार्टीका तर्फबाट संसदीय दलको सचेतकको भूमिका निर्वाह गरिसकेकी छन् । पार्टीमा महिला विभाग प्रमुख भई जिम्मेवारी सम्हालेको अनुभव पनि उनीसँग छ ।

नेपाली कांग्रेसको मंगलबार बसेको पदाधिकारी बैठकले न्यौपानेलाई सभापतिको उम्मेदवार बनाउने निर्णय गरेको थियो । उम्मेदवारी दिएपछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै नेतृ न्यौपानेले संवेदनशील र महत्त्वपूर्ण विधेयकबारे निर्णय गर्न पर्ने राज्य व्यवस्था तथा सुशासन समिति सभापतिको प्राप्त जिम्मेवारी पूरा गर्न सबैलाई साथ र सहजीकरण गर्दै अघि बढ्ने प्रतिबद्धता जनाइन् ।

## राष्ट्रपतिद्वारा विपिनको रिहाइका लागि जोर्डनका राजासँग आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले हमासले बन्धक बनाएका महेन्द्रनगरका विपिन जोशीको रिहाइका लागि आवश्यक पहल गरिदिन जोर्डनका राजा अब्दुल्ला द्वितीयलाई आग्रह गरेका छन् ।

राष्ट्रपति पौडेलले जोर्डनका राजालाई मंगलबार एक पत्र पठाउँदै जोशीको अवस्था पहिचान, सुरक्षित रिहाइ तथा स्वदेश फिर्तीका लागि यथाशक्य पहल गरिदिन आग्रह गरेका हुन् । उनले पत्रमा यस प्रयोजनका लागि उनका जोर्डनी समकक्षीले चाल्ने सबै मानवीय तथा कूटनीतिक कदमको नेपाल र नेपाली जनताले उच्च प्रशंसा र स्वागत गर्ने कुरा उल्लेख गरेका छन् । राष्ट्रपति पौडेललाई जोशीका आमा र बहिनीले राष्ट्रपति भवन शीतल निवासमा आइतबार भेटेर रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए । सो अवसरमा राष्ट्रपति पौडेलले जोशीको रिहाइका लागि आफूले थप प्रयास गर्ने बताएका छन् ।


**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**प्रस्ताव स्वीकृती आशयको सूचना**

**प्रकाशन मिति: २०८२।०५।११**

प्रस्तुत बिषयमा यस नगरपालिकाको आ.व. २०८१।०८२ मा ठे.न. SHM/MOR/NCS/45/2081/082, Selection of Firm for Solid Waste Management Service of Sundarharaicha Municipality for PPP Model बाट फोहोरमैला व्यवस्थापन कार्यको सेवा खरिद कार्यको प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मुल्यांकनबाट देहायको साझेदार संस्थाबाट पेश भएको प्रस्तावले सबैभन्दा उच्चतम अंक प्राप्त गरेको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ (१) बमोजिम स्वीकृतका लागि छनोट गरिने भएकोले सोही ऐनको दफा ४७ को प्रयोजानार्थ सात दिनको सार्वजनिक सूचना सरोकारवाला सबैका लागि प्रकाशन गरिएको छ ।

**देहाय**

| प्रस्तावदाताको नाम र ठेगाना | प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त प्राप्तांक | कैफियत |
|---|---|---|
| श्री नेपाल फूलवारी वेस्ट थ्री आर पोलुसन कन्ट्रोल सर्भिस प्रा.लि.,मध्यपुर थिमी ०३ | ९४.४० | |

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**कोशी प्रदेश सरकार विराटनगर नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति: २०८२।०५।११)**

यस मन्त्रालयबाट मिति २०८२।०४।०७ को प्रभाव दैनिक तथा PPMO को e-Procurement portal मा आव्हान गरिएको सूचना अनुसार रित पूर्वक www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि. नं. | ठेक्काको विवरण | छनौट गरिएको बोलपत्र | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| १. | MoPID/NCB/G/001/082/83 Supply and Delivery of 4Wd\ Pick-Up in Ministry of Physical Infrastructure Development, Koshi Pardesh | Royal Auto Enterprises Biratnagar-4, Bargachhi | रु.१५,४१७,०००.०० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संविधानविपरीतको आमसञ्चार विधेयक

संविधानमा प्रस्ट लेखिएको छ– पूर्ण प्रेस स्वतन्त्रता । तर कोशी प्रदेश सरकारले तयार पारेको आमसञ्चारसम्बन्धी विधेयकमा भने संविधानको मर्मविपरीत प्रस्ताव राखिएको छ । 'कोशी प्रदेश आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' मा समाचार प्रकाशनपूर्व प्रतिबन्ध लगाउनेदेखि सञ्चारमाध्यमलाई जरिवाना गर्ने र कालोसूचीमा राख्नेसम्मको प्रावधान राखिएका छन् ।

पास गर्ने अवस्थामा पुगेको यो विधेयकको प्रावधानमा प्रसारण रोक लगाउन सक्नेसम्मको व्यवस्था गरिएका छन् । विधेयकको दफा ७ (ज)मा 'पत्रकार तथा आमसञ्चारसम्बन्धी आचारसंहिता स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने' उल्लेख गरिएको छ । ऐनको दफा (५७)मा 'कुनै आमसञ्चार माध्यम वा संस्था वा पत्रकारले व्यावसायिक आचारसंहिता उल्लंघन गरेमा प्रतिष्ठानसमक्ष मर्का परेको पक्ष वा जोसुकैले निवेदन दिन सकिने छ,' भन्ने प्रावधान छ ।

विधेयकको दफा २६ मा 'प्रसारणमा रोक लगाउन सकिने' सम्बन्धी व्यवस्था छ । विधेयक र समितिको प्रतिवेदनमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेरै प्रकाशन र प्रसारणमा रोक लगाउन सक्ने व्यवस्था गरिएको छ । विधेयकको दफा २७ मा दण्ड, जरिवानासम्बन्धी व्यवस्थामा 'तोकिएबमोजिमको जरिवाना गर्न सक्ने छ' भनेर लेखिएको छ । दफा ५२ अनुसार २५ हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था विधेयकमा छ । विधेयकको दफा ३० मा 'सामग्री प्रसारण गर्न बन्देज'सम्बन्धी व्यवस्था छ । यतिमात्र हैन समितिले उपदफा ३ पनि थप गरेको छ । थप गरिएको उपदफा (३) मा भनिएको छ, 'प्रचलित कानुन यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रतिष्ठानले त्यस्तो प्रसारक वा संस्थालाई कालोसूचीमा राख्ने वा प्रदेश सरकारले दिने विज्ञापनलगायतका सेवा सुविधाबाट वञ्चित गर्ने वा तोकिएबमोजिमको जरिवाना गर्ने वा सबै सजाय गर्न सक्ने छ ।'

प्रदेशसभामा गएको माघ १८ गते दर्ता भएको विधेयक छलफलका क्रममा १३ वटा संशोधन दर्ता भएपछि छलफलका लागि प्रदेशसभाको न्याय प्रशासन तथा विधायन समितिमा पठाइएको छ । संघीयता लागू गराउने मूल थलो प्रदेश हो । नियम कानुनहरू नहुँदा अहिले संघीयता कार्यान्वयन फितलो हुँदै गएको छ । यस्तो अवस्थामा प्रेस स्वतन्त्रतामाथि नै प्रश्न उठ्नेगरी कानुन बन्न लाग्नु संघीयताको विरोधीहरूका लागि बल पुग्ने विषय हो । यस्ता खाले अभ्यासले संघीयताको मर्ममाथि त प्रहार गर्छ नै, संघीयता कार्यान्वयनमासमेत अप्ठेरो सिर्जना हुन पुग्छ । कानुन तथा नियमहरू जनताका प्रतिनिधिले बनाउने हुन् । यस्तो अभ्यासले प्रदेशसभामा चुनेर आउने प्रतिनिधिमाथि पनि असक्षमताका प्रश्न उठ्छ । त्यसैले संविधानकै मर्मविपरीत यस्तो खाले प्रावधान समेटिएको विधेयक तत्काल फिर्ता गरी संशोधन गरियोस् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# मानव र वातावरणबीचको अन्तरसम्बन्ध



■ गम्भीरबहादुर हाडा

> वर्तमान समयमा प्राकृतिक स्रोतहरूमाथि अत्यधिक शोषण, जल तथा वायुमण्डलमा पुऱ्याउने गरेको प्रदूषणलगायतका पक्षहरूमा मानव जातिको बढ्दो जनसंख्या र उसको उपभोगका लागि खर्चिएको प्राकृतिक स्रोतहरूमाथिका अत्यधिक शोषण नै जिम्मेवार देखिन्छन् । आज पृथ्वीमा जमिन र स्रोत सीमित छन् तर मानव जनसंख्या तीव्र गतिमा नै बढेको छ । यसलाई नियन्त्रण गर्न सकिएन भने वर्तमानमा विश्व मानव समुदायबाट समस्याको रूपमा औल्याउन थालिएका जल, स्थल तथा वायु प्रदूषणका पक्षअन्तर्गत रहेका उत्पादनमा कमी, मरुभूमीकरणमा बढ्छ ।

पृथ्वीको चार भागमा तीन भाग पानी र एक भागमात्र जमिनले ढाकेको छ । पृथ्वीमा करिब १५० करोड घन किलोमिटरभन्दा बढी पानी छ । जसमध्ये करिब तीन प्रतिशतमात्र हाम्रो जीवनका लागि उपयुक्त शुद्ध पानी छ । यसमा पनि लगभग ७५ प्रतिशतजति पानी पृथ्वीको ध्रुवीय क्षेत्रमा हिउँको रूपमा जम्मा भएर रहेको हुन्छ । पानीको बाँकी अंशमध्ये कूल ताल र भूमिगतरूपमा रहेको पानीलाई कटाउँदा शुद्ध पानी ०.०२७० प्रतिशतमात्र उपयोगमा आउँछ ।

वायुमण्डलमा विभिन्न ग्यासका साथै पानीका कणहरू हुन्छन् । पृथ्वीको सतहदेखि करिब ५० किलोमिटर माथिसम्मको हावामा लगभग ७८ प्रतिशत नाइट्रोजन, २१ प्रतिशत अक्सिजन र बाँकी एक प्रतिशत कार्बनडाइ अक्साइड, नियान, हिलियम आदि ग्यास हुन्छन् ।

इतिहासलाई केलाएर हेर्ने हो भने आजभन्दा करिब चार-पाँच वर्ष पहिले अस्तित्वमा आएर डेढ अर्ब वर्ष पहिलेसम्म पनि तातो बाफको डल्लाको रूपमा रहनाले करिब तीन अर्ब वर्षको लामो अवधिसम्म अन्य खगोलीय पिण्डहरूसरह पृथ्वीमा पनि कुनै जीवजन्तुको अस्तित्व थिएन । तर सूर्यदेखिको उपयुक्त दूरी अक्षको ६६-५ को झुकावजस्ता विशिष्ट स्थितिहरूको फलस्वरूप विस्तारै सेलाउँदै गएर वायुमण्डल र जलमण्डलको रचना भई पृथ्वीमा वातावरणको सृजना भएपछि सर्वप्रथम एमिनो एसिडजस्तै जैविक रसायनको संयोजनबाट महासागरहरूमा एक कोषीय जलचर प्राणीहरूको उत्पत्ति भयो । समयको प्रवाहसँगै वातावरणमा परिवर्तन हुँदै जाँदा पृथ्वीमा बहुकोषीय प्राणीहरूको अविर्भाव हुँदै गयो । वातावरण परिवर्तनको लामो अन्तरालमा कयौं नयाँ-नयाँ जीवहरू देखा पर्दै गए भने कयौं पुराना जीवनहरू लोप हुँदै गए । एकताका भीमकाय शरीर लिई पृथ्वीमा विचरण गर्ने डाइनासरको लोप र मानवको उद्भवले यही तथ्यलाई उजागर गर्दछ ।

अनेक जन्तुबाट मानिसको रूप लिन करिब पाँच करोड वर्ष लागेको र मानिस सृष्टिको धेरै पछि अर्थात् १० लाख वर्षअघि मात्र देखिएको वैज्ञानिक अनुमान छ । मानव उत्पत्ति एसिया तथा अफ्रिकामा भएको अनुमान छ । आदि मानव दक्षिण एसियाको शिवालिक क्षेत्रमा भएको कुरा त्यहाँ प्राप्त जीवाशेषले पुष्टि गर्दछ । प्राकृतिक पर्यावरण जहाँ जस्तो छ, मानिसको चिन्तन, जीवनशैली तथा सामाजिक वातावरण त्यहीअनुरूप नै हुने गर्दछ । यहाँसम्म कि मानिसको शारीरिक गठन, रङ रोगन, रहनसहन, खानपान, कला, संस्कृति यही प्राकृतिक पर्यावरणमाथि नै निर्भर गर्दछ । वातावरण अजैविक तत्वहरूजस्तै भौगोलिक अवस्थिति, वनावट, हावापानी, माटो आकाश र जैविक तत्वहरूजस्तै सम्पूर्ण प्राणी जगतकै समग्र रूप हो । यी दुवै तत्वहरूबीचको सन्तुलनले एउटा स्वास्थ्य र सन्तुलित वातावरणको निर्माण गर्दछ । यी दुवै बीच असन्तुलन हुन जाँदा वातावरण बिग्रने गर्दछ ।

जहाँसम्म ब्रह्माण्डको सवाल छ, पृथ्वी नजिकको ब्रह्माण्ड जसबारे मानवले जानकारी राखिरहेको छ र जानकारी बढाइरहेको छ । त्यो ब्रह्माण्ड पनि तीव्र गतिबाट गुज्रिरहेको कुरा वैज्ञानिक तथ्यहरूले उजागर गरेका छन् । हाम्रो सौर्य परिवार र यस नजिकको ब्रह्माण्ड, आजभन्दा दुई खर्ब वर्ष अगाडि आजको रूप र स्थानमा थिएन । सूर्यको उत्पत्ति आजभन्दा करिब चार अर्ब साठी करोड वर्षअघि भएको थियो भन्ने वैज्ञानिकहरूको अनुमान रहेको छ । यसैगरी सूर्यको ताप ऊर्जा फाल्ने आयु जम्मा १० अर्ब वर्षसम्ममात्र बलिरहने वैज्ञानिकहरूको अनुमान रहेको छ ।

पृथ्वीमा जीवको उत्पत्तिको सन्दर्भलाई वैज्ञानिक दृष्टिकोणबाट हेर्दा करिब साढे चार अर्बदेखि साढे तीन अर्ब वर्षपूर्व प्रिकेम्बियनकालमा सम्भवतः पहिलोपटक पृथ्वीमा ब्याक्टेरियाहरू जस्ता सरल एककोषीय जीवहरूको उत्पत्ति भएको थियो । जटिलतम् प्रक्रियाबाट जीवहरूको विकास हुने क्रममा पलियोज्वाइक युगमा करिब ४१ करोड वर्ष अगाडि माछाहरूको उत्पत्ति भएको थियो । यसैगरी नवजीव कल्पको मियोसिन युगमा आजभन्दा करिब दुई करोड ४० लाख वर्ष अगाडि आएर ढेडु बाँदरहरूको उत्पत्ति भएको थियो । यही वंशबाट विकास क्रममा आजभन्दा करिब २५ लाख वर्ष अगाडि स्लिस्टोसिन युगमा आधुनिक मानवको उत्पत्ति भएको थियो । मानिसले आजभन्दा करिब १० हजार वर्ष अगाडि होलोसिन युगमा आएर खेतीपातीको सुरुआत गरेको थियो ।

मानव जातिको उत्पत्तिपूर्व पृथ्वीको वातावरणमा आफ्नै प्राकृतिक कारणहरूबाट स्वचालित ढंगले स्वाभाविक परिवर्तन हुँदै आइरहेकोमा मानिसको उत्पत्तिपछि मानिसका अनेकन क्रियाकलापहरूको फलस्वरूप पृथ्वीको वातावरणमा बलात् रूपमा अस्वाभाविक परिवर्तनहरू हुँदै आइरहेका छन् । आजभन्दा २० लाख वर्ष पहिले अस्तित्वमा आएर करिब २० हजार वर्ष अगाडिसम्म पनि जंगली अवस्थामै रहेको मानिसले जतिजति सभ्यताको सिँढीहरू उक्लँदै गयो उतिउति उसको प्रकृतिलाई कोपभाजन गर्ने लिप्सा तिरन्तर झाँगिदै गएको छ । जंगली युगमा उसको लिप्सा जंगली जनावरको सिकार र फलफूल खानामै सीमित थियो भने कृषि युगमा आएर त्यो लिप्सा वन विनासको परिधिसम्म विस्तार हुन गयो । आजको आधुनिक समयको मानिसको प्रकृति भोजनको लिप्सा जल, स्थल र वायु प्रदूषणको विशाल दायरासम्म फैलिन पुगेको छ ।

मानव र पर्यावरण एक अर्काका परिपूरक हुन् । पर्यावरणविना मानवको जीवन सम्भव छैन । तसर्थ, यी दुवै बीच गहिरो सम्बन्ध स्थापित भएको छ । यस पृथ्वीमा मानव नै सर्वश्रेष्ठ प्राणी हो, जसले प्रकृतिप्रदत्त सम्पूर्ण साधनहरूलाई आफ्नो नियन्त्रणमा लिएको छ । आफूलाई अनुकूल हुने किसिमले ती साधनहरूको उपयोग गरिरहेको छ । अतः मानव र वातावरणबीच हुने अन्तरक्रिया एक स्वाभाविक प्रक्रिया हो । मानवलाई श्वासप्रश्वास क्रिया गर्नका लागि अक्सिजन तथा स्वच्छ हावा चाहिन्छ, जसको आपूर्ति वनस्पतिले गर्दछ । साथै मानव तथा जन्तु, पशुपक्षीलाई चाहिने खाद्यान्नको आपूर्ति पनि बोटबिरुवाले गर्ने गर्दछ ।

मानव र वनस्पतिबीच कार्वनडाइ अक्साइड तथा अक्सिजनको आदानप्रदान वातावरणबाट नै हुन्छ । तसर्थ यस पृथ्वीमा भएका हरेक क्रियाकलापहरू एकआपसमा निर्भर रहेका हुन्छन् किनभने एक जीव तथा प्राणीले अर्कोलाई खाद्यान्न आपूर्ति गराइरहेको हुन्छ । यसले पारिस्थितिक सन्तुलनमा मद्दत पुऱ्याइरहेको हुन्छ । कुनै एक जीव वा प्राणीको अनुपस्थिति वा मृत्यु भएमा त्यसको प्रत्यक्ष असर अर्को जीव वा प्राणीमा पर्न जान्छ । जसले गर्दा जीवनचक्रमा बाधा हुन जान्छ । मानिसलाई जन्मेदेखि नै प्रकृति वा वातावरणले प्रभाव पारेको हुन्छ भने मानवीय क्रियाकलापले पनि प्रकृति अर्थात् वातावरणलाई प्रभाव पार्ने गर्दछ । अतः मानव र प्रकृतिबीच हुने अन्तरक्रिया स्वाभाविक प्रक्रिया हो ।

प्रकृतिको जीवनदायी प्रवाह अविच्छिन्न हुन्छ । प्रकृतिले भरसक मानवीय आवश्यकताहरू पूर्ति गर्ने क्षमता राखेको हुन्छ । यसैलाई प्रकृतिको भारवहन क्षमता भनिन्छ । अधिक वा अनुचितरूपमा प्राकृतिक स्रोत साधनको उपयोगलेमात्र प्रकृतिभित्र असन्तुलन पैदा हुने गर्दछ । पृथ्वीको प्राकृतिक वातावरण स्वच्छ र जीवनदायी हुन्छ । यो प्राकृतिकरूपमा सन्तुलित स्वच्छ र जीवनदायिताका लागि उत्प्रेरित हुन्छ । जब मानव सिर्जित क्रियाकलापले प्रकृतिको सन्तुलनलाई दबाब सिर्जना गर्दछ, तब वातावरण प्रभावित हुन्छ । प्रकृतिमा भरसक सामान्य असन्तुलनलाई सन्तुलित गर्ने क्षमता हुन्छ, तर प्रकृतिको प्राकृतिक क्षमता वा नियमहरूलाई बेवास्ता गरी त्यसमाथि असर पुऱ्याउने किसिमले अधिक तथा अनुचित उपयोगले वातावरणलाई प्रभावित गर्दछ । वातावरणमा प्रभाव पार्नु भनेको प्रकृतिको प्राकृतिक सन्तुलनमा गडबडी आउनु वा असन्तुलित हुनु हो । मानिसले प्रकृति वा वातावरणलाई आफ्ना विविध आवश्यकताहरू परिपूर्तिका लागि अनुकूल पार्दछ र त्यसमा परिस्कृत गर्दछ । यो अन्तरक्रिया क्रमिकरूपले चलिरहने छ । वातावरण एकै किसिमको सधैं रही रहँदैन । यस पृथ्वीमा भएका हरेक वस्तुहरू परिवर्तनशील छन् ।

मानव र वातावरणलाई एउटै सिक्काका दुई पाटाको रूपमा तुलना गरेको पाइन्छ । मानिस एउटा वातावरणको जीव हो । उपयुक्त वातावरणको अभावमा मानव जाति अस्तित्वमा नै आउन सक्दैन भने मानिस नभएमा वातावरणको कुनै अर्थ हुँदैन । अतः मानव र वातावरण एक अर्कासँग घनिष्टरूपमा सम्बन्धित रहेको हुन्छ । वातावरण एउटा विकास प्रक्रियाको अभिन्न अंग मानिन्छ र यो मानव आवश्यकता र आकांक्षाबाट सुरक्षित रहन सक्दैन । हावा, पानी, माटो, जलवायु आदि वातावरणका स्रोतहरू मानिन्छन्, जुन प्रत्येक जीव जीवात्माहरूका लागि आधारभूत आवश्यकताका वस्तुहरू हुन् । प्राकृतिक वातावरणका स्रोतहरूलाई नै उपयोग गरेर मानिसले आफ्नो जीवनलिला सञ्चालन गरिराखेको हुन्छ । मानवका अति आधारभूत वस्तुहरू जस्तैः खाद्यान्न लत्ताकपडा, आवास आदि वातावरणीय स्रोतहरूलाई नै प्रयोग गरेर प्राप्त गर्न सकिन्छ ।

वर्तमान समयमा प्राकृतिक स्रोतहरूमाथि अत्यधिक शोषण, जल तथा वायुमण्डलमा पुऱ्याउने गरेको प्रदूषणलगायतका पक्षहरूमा मानव जातिको बढ्दो जनसंख्या र उसको उपभोगका लागि खर्चिएको प्राकृतिक स्रोतहरूमाथिका अत्यधिक शोषण नै जिम्मेवार देखिन्छन् । आज पृथ्वीमा जमिन र स्रोत सीमित छन् तर मानव जनसंख्या तीव्र गतिमा नै बढेको छ । यसलाई नियन्त्रण गर्न सकिएन भने वर्तमानमा विश्व मानव समुदायबाट समस्याको रूपमा औल्याउन थालिएका जल, स्थल तथा वायु प्रदूषणका पक्षअन्तर्गत रहेका उत्पादनमा कमी, मरुभूमीकरणमा बढ्छ । यसको साथसाथै बाढी, पहिरो, प्रदूषणजस्ता पक्षको वर्तमान अवस्थामा अझैं वृद्धि आई मानव जनसंख्या स्वयं मानव जातिका लागि संहार गर्न सक्ने माध्यम बन्न बेर नलाग्ने स्थिति देखिन आएको छ । अतः मानिसले आफ्नो अस्तित्व जोगाउन अरु प्राणी तथा वनस्पतिकोसमेत अस्तित्व जोगाउने भरमग्दुर प्रयास गरिनु आवश्यक छ ।

वातावरणका तत्वहरूले मनुष्य जीवन र मानिसका कार्यकलापले वातावरणमा त्यतिकै प्रभाव पार्दछ । तसर्थ, यी दुईमा एकले अर्कालाई प्रभाव पार्ने कुरा स्वाभाविक हो । मानिस जन्मेदेखि उसको जीवनमा वातावरणले कुनै न कुनै प्रकारले प्रभाव पारेको हुन्छ । उसको कामकाज, रहनसहन, रीतिरिवाज, आदि जीवनका विभिन्न पक्षमा वातावरणले प्रभाव पारेको हुन्छ । समथर जमिन, मलिलो माटो, गरम हावापानी र धेरै पानी पर्ने ठाउँमा धानको खेती गरिन्छ भने पहाडी भू-भागमा चियाखेती हुँदैन । यी सबै वातावरणको प्रभावको कारणले गर्दा भएका हुन् ।

आणविक हतियार र जलवायु परिवर्तन 'मानव सुरक्षा' विरुद्ध मानवद्वारा नै निर्मित दुई गम्भीर खतरा हुन् । 'आणविक ऊर्जाको सैन्य प्रयोग'का विरुद्ध संयुक्त राष्ट्रसंघले सन् १९५४ मा 'शान्तिका लागि परमाणु' प्रस्ताव पारित गरेको थियो । राष्ट्रसंघले आणविक ऊर्जाको सुरक्षित र शान्तिपूर्ण प्रयोगलाई प्रवर्द्धन गर्न सन् १९५७ मा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी स्थापना गरेको थियो । आणविक ऊर्जालाई स्वच्छ ऊर्जा स्वीकार गरिए पनि यसलाई तीव्र बनाउने तरिकाहरू हालसम्म यकीन गरिएका छैनन् । त्यसैले परम्परागत युद्ध, आणविक ऊर्जालगायत आणविक हतियार र जलवायु विनासबीचको अन्तरवस्तुलाई उठाउन जरुरी छ ।

संयुक्त राष्ट्र जलवायु परिवर्तन महासन्धि (१९९२) पक्ष-राष्ट्रहरूको नियमित वार्षिक बैठक ('कोप' बैठक) हुन्छ । कोप बैठकको प्रमुख लक्ष्य 'विश्वव्यापी औसत तापक्रममा भएको वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा कम राख्नु' र तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रयास अगाडि बढाउनु हो । त्यसका लागि जीवाष्म इन्धन (फोसिल फ्युल) ऊर्जालाई स्वच्छ ऊर्जाले प्रतिस्थापन गर्न आवश्यक हुन्छ ।

नेपालका छिमेकी चीन र भारत दुवै आणविक ऊर्जा र आणविक हतियार भएका राष्ट्र हुन् । नेपालजस्ता स्वच्छ जलविद्युत् ऊर्जा स्रोत भएका मुलुकले आणविक ऊर्जा आफैं उत्पादन गर्न नसक्ने भए पनि त्यससम्बन्धी बृहत् रणनीतिको हिस्सा हुन नीति तय गर्नुपर्छ । आणविक ऊर्जालाई 'ग्रिड' मार्फत जलविद्युत्सँग एकीकृत गर्न सकिन्छ । हाल प्रतिवर्ष मानव-उत्सर्जन हरितगृह ग्यास लगभग ५२ अर्ब टन छ । आइपिसिसीका अनुसार सन् २०१९ को उत्सर्जनलाई आधार मानी २०३० सम्ममा त्यो ४३ प्रतिशतले घट्नुपर्छ । तर प्रतिवर्ष उत्सर्जन घट्नुको सट्टा वृद्धि भइरहेको छ । त्यसकारण 'कोप-२८ दुबई' घोषणाले सन् २०५० सम्ममा विश्वव्यापी आणविक ऊर्जा क्षमतालाई तीन गुणा बढाउने घोषणा गरिएको थियो । यसको उद्देश्य विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित गर्न आणविक ऊर्जा क्षमता बढाउनु हो । 'कप-२९ बाकु' ले भविष्यमा आणविक ऊर्जा तीव्र बनाउने तरिका खोज्ने छ भन्ने उल्लेख गरिएको छ ।

हाल युद्धको समयमा हुने सैन्य उत्सर्जन र जलवायु परिवर्तनका विविध स्रोतहरूबीचको अन्तरसम्बन्धलाई सम्बोधन गर्न प्रयास भइरहेका छन् । ब्राजिलमा हुने आगामी ३०औं कोप बैठक वा सो उप्रान्त 'न्युक्लियर नन-प्रोलिफिरेसन ट्रिटी' १९६८ (एनटिपी) बारेमा पनि गहन छलफल गर्न उपयुक्त हुने छ । किनभने, एनटिपी बहुपक्षीय बाध्यकारी सम्झौता हो । यसका मुख्य लक्ष्यहरू आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोग र प्रवर्द्धन गर्ने, आणविक हतियारको वृद्धि-प्रसार रोक्ने र आणविक हतियार भएका राष्ट्रहरूद्वारा निःशस्त्रीकरणको लक्ष्य प्राप्त गर्ने हुन् ।

महामारी र पानी प्रदूषणको जोखिम उच्च बन्दै गएको छ । कार्बन उत्सर्जनको कुनै सही तथ्यांक छैन तर उत्सर्जन इन्धन प्रयोग, हवाई आक्रमण, आगो र आपत्कालीन पावर जेनेरेटरहरूबाट आउँछ । गाजाको ९७ प्रतिशत पानी युद्धअघि नै पिउन योग्य थिएन । पानी पूर्वाधार र विद्युत् केन्द्रहरूमा बम विष्फोटले यसलाई झनै बढाएको छ । समुद्री पानीको घुसपैठ र जलचर प्रदूषणको दीर्घकालीन प्रभाव हुने छ । बम विष्फोट वा जमिन सञ्चालनबाट कृषियोग्य जमिन ध्वस्त छ । समुद्री पानी र रसायनहरूबाट रूखको आवरण र माटोको क्षति भएको अनुमान छ ।

पछिल्ला केही वर्षयता प्राकृतिक विपत्तिका घटना थपिँदै छन् । जसका कारण धनजनको क्षतिको मात्रा निरन्तर उकालो लाग्दो छ । यसले जीवनयापनलाई थप कष्टकर बनाउँदै छ । मानवीय क्रियाकलापका कारण वातावरणीय सन्तुलन बिग्रँदा प्राकृति विपत्तिका घटना बढेका हुन् । यस्तो घटना न्यूनीकरण गर्न मानव आफैं वातावरणमैत्री बन्नु नै अत्यावश्यकीय उपाय हो । वातावरणको संरक्षणले मात्रै मानव अस्तित्व जोगाउने छ । वातावरण जति विनास हुन्छ, त्यसले मानव अस्तित्वलाई संकटतर्फ धकेल्दछ । यसकारण वातावरणको महत्त्व बुझौं, आजैबाट आफ्नो व्यवहारमा सुधार गरौं ।

# बैंक परिवर्तन हुँदा सामाजिक सुरक्षाभत्ता बुझ्न सास्ती

**खोटाङ–** बैंक परिवर्तन हुँदा यहाँको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका सामाजिक सुरक्षाभत्ता लिने लाभग्राही समस्यामा परेका छन् । साल्पा विकास बैंकले यसअघि वितरण गर्दै आएको १० वटा वडामध्ये पाँचवटा लाभग्राहीका लागि बैंक परिवर्तन भएपछि उनीहरू समस्यामा परेका हुन् ।

कूल १५ वटा वडा रहेको यस नगरपालिकामा सालपा विकास बैंकले चालु आर्थिक वर्षदेखि ५, ६, ७, ८, १० र ११ वडामा भत्ता वितरण नगर्ने भएको हो । वडा नम्बर ८ दोर्पाबुवालुङमा नबिल बैंक र वडा नम्बर ११ खार्मीमा एनआइसी एसिया बैंकले सामाजिक सुरक्षाभत्ता वितरण गर्ने सहमति गरे पनि सम्झौता गर्न नआएको नगरपालिकाले जानकारी दिएको छ । गत साउन १ गते नगरपालिका र बैंकबीच सहमति भएको थियो ।



तर बैंकहरू कार्यान्वयनका लागि नआएपछि भदौ ८ गते लिखितरूपमा बैंकलाई पत्राचार गरिएको प्रवक्ता दिनेश घिमिरेले बताए ।

राज्यले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षाभत्ता वितरण गर्ने बैंक टुंगो नलागेपछि लाभग्राहीहरू खाता खोल्न भनेर दिक्तेल आए पनि फर्कन बाध्य भएका छन् । भत्ता वितरण गर्ने बैंक टुंगो लागेका वडाका लाभग्राहीका लागि पनि नयाँ खाता खोल्न बैंकले अनिवार्य राष्ट्रिय परिचयपत्र लागू गरेपछि झनै समस्यामा परेका छन् ।

राज्यले उपलब्ध गराउँदै आएको सेवा उपभोग गर्न सास्ती भोग्नुपरेको रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका ७८ वर्षीय लाभग्राही ज्ञानबहादुर राईले दुखेसो पोखे । अपांगता भएका व्यक्ति, ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक र १६ वर्षमुनिका बालबालिकाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छैन । तर, सामाजिक सुरक्षाभत्ता तथा बैंकिङ कारोबारका लागि जिल्लामा सञ्चालित सबै बैंकले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि लाभग्राही समस्यामा परेका हुन् । *रासस*



**दिक्तेलमा तीज** | खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले मंगलबार जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा आयोजना गरेको तीज विशेष कार्यक्रममा सहभागी महिला । *तस्बिरः केदार मगर/रासस*

# म्याग्दीको दुर्गम नामिलामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना

**म्याग्दी (प्रस)–** भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको रघुगंगा गाउँपालिका-७ सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएपछि स्थानीयलाई आधारभूत स्वास्थ्य सेवा लिन सहज भएको छ ।

नामिलाका बासिन्दालाई चिमखोला र घ्याँसीखर्कमा रहेको स्वास्थ्य चौकीमा पुगेर सेवा लिन अपायक थियो । बर्खायाममा पहिरोका कारण सडक र पैदलमार्ग अवरुद्ध हुँदा स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने अवस्था थियो । एकाइबाट नामिला र कुइनेका करिब १०० घरपरिवार लाभान्वित भएका स्थानीय मीना बुढाले बताइन् ।

आमा समूहको भवनको कोठामा एकाइ स्थापना गरिएको छ । यसअघि चिमखोलाको पाल्ले गाउँमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरिएको थियो । एक जना अनमी खटाएर स्वास्थ्य परीक्षण, परामर्श, निःशुल्क औषधि वितरण र खोपसम्बन्धी सेवा दिने व्यवस्था मिलाइएको वडा सदस्य प्रेमबहादुर पुनले बताए ।



गत आर्थिक वर्षमा एकाइ परिसरमा सार्वजनिक शौचालय निर्माण भएको र यस वर्ष भवन बनाइने उनले बताए । नामिला, पाल्लेसहित रघुगंगाको ठाडाखानी, कुइनेखानी, रायखोर, दर्मीजा, बादुक, राममन्दिर र मौवाफाँटमा स्वास्थ्य एकाइ स्थापना गरेर स्वास्थ्य सेवा विस्तार गरिएको छ । वडास्तरका स्वास्थ्य संस्थामा पुगेर सेवा लिन अपायक पर्ने गाउँमा एकाइ स्थापना गरेर सेवा विस्तार गरिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए ।

# भेरी अस्पतालमा निःशुल्क डाइलाइसिस सेवा

**बाँके (प्रस)–** भेरी अस्पतालमा अब अल्जाइमर्स, पार्किन्सन्स र सेरोपोजेटिभका बिरामीले निःशुल्क डाइलाइसिस सेवा पाउने भएका छन् ।

स्वास्थ्य सेवा विभागअन्तर्गतको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले विपन्न नागरिक औषधोपचार कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार ती सेवाका लागि भेरी अस्पताललाई सूचीकृत गरेसँगै बिरामीले निःशुल्क डाइलाइसिस सेवा पाउने भएका हुन् । भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. निराजन सुवेदीले हेपाटाइटिस बी र एचआइभी संक्रमितलाई सेरोपोजेटिभ बिरामीको रूपमा परिभाषित गरिएको जानकारी दिए । बिरामीले एक वर्षमा तीन लाख रूपैयाँबराबरको डाइलाइसिस सेवा पाउने छन् ।

अस्पताल सूचीकृत भएसँगै लामो समयदेखि डाइलाइसिस सेवाको खर्च थेग्न नसकेर उपचारमा समस्या भोग्दै आइरहेका बिरामीलाई ठूलो राहत मिल्ने भएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट सुवेदीले आज (बुधबार)बाट सो सेवा सुरु हुने जानकारी दिए । हालसम्म ज्येष्ठ नागरिक, सिकलसेल तथा थालेसिमिया, सामान्य डाइलाइसिस, स्पाइन इञ्जुरी, हेडइञ्जुरी र मुटुका बिरामीले विपन्न नागरिक औषधोपचार कार्यक्रमबाट निःशुल्क सेवा लिँदै आएका थिए ।

अस्पताललाई मिर्गौला प्रत्यारोपण र पेरिटोनियल डायलाइसिसका लागि पनि सूचीकृतको अन्तिम तयारी थालिएको छ । सूचीकृत भए मिर्गौला प्रत्यारोपणका बिरामीहरूले भेरी अस्पतालबाटै सात लाख रूपैयाँ पाउने छन् । सरकारले मिर्गौला प्रत्यारोपणका लागि उपलब्ध गराउने चार लाख रूपैयाँ, औषधि खर्चबापत दुई लाख रूपैयाँ पाउने भएका हुन् ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/११ गते)

यस कम्पनीको मिति २०८२/०५/०१ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल सेलेक्ट एजुकेसन एण्ड माग्रेसन सर्भिसेस** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ग्लोबल सेलेक्ट एजुकेशन एण्ड भिषा सर्भिसेस** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ग्लोबल सेलेक्ट एजुकेशन एण्ड भिषा सर्भिसेस (दर्ता नम्बर : २८३५२९)**, कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## युएइमा रोजगार

कम्पनी : GALAXY ENERGY GEN CONTRACTING - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१० | LT. No. 321419 | चलानी नं. ६०२३५७०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 5 | 0 | 1000 | ३८,२६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician (Industrial) | 10 | 0 | 1200 | ४५,९१५ | | | | | | | |
| 3 | Electrician | 10 | 0 | 1200 | ४५,९१५ | | | | | | | |
| 4 | Scaffolders | 3 | 0 | 1200 | ४५,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १८ गते (3rd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार

कम्पनी : SQUARE PRECAST FACTORY LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१० | LT. No. 324024 | चलानी नं. ६०२२७३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SEWAGE PIPELAYER | 2 | 0 | 1200 | ४५,९१४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MOULDING MAKER ASSISTANT | 1 | 0 | 1100 | ४२,०९० | | | | | | | |
| 3 | CRANE OPERATOR ASSISTANT | 4 | 0 | 1800 | ६८,८७५ | | | | | | | |
| 4 | CARPENTER | 3 | 0 | 1200 | ४५,९१४ | | | | | | | |
| 5 | ASSISTANT ELECTRICIAN | 4 | 0 | 1100 | ४२,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १८ गते (3rd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## कतारमा रोजगार

कम्पनी : Tadweer Trading Contracting And Services

पूर्व स्वीकृति मिति : २०८२/०५/१० | LT. No. 329945 | चलानी नं. ६०२४३७९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 5 | 0 | 1000 | ३८,५०२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman (Male) | 2 | 0 | 2500 | ९६,२५६ | | | | | | | |

कम्पनी : TADWEER TRAD. CONT. & SERVICES W.L.L

पूर्व स्वीकृति मितिः २०८०/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१० | LT. No. 294785 | चलानी नं. ६०२४३७९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३८,५०२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९६,२५६ | | | | | | | |
| 4 | Electrician Gen | 2 | 0 | 1100 | ४२,३५२ | | | | | | | |
| 5 | Labour | 3 | 0 | 1000 | ३८,५०२ | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1100 | ४२,३५२ | | | | | | | |
| 7 | Representative | 1 | 0 | 2200 | ८४,७०५ | | | | | | | |
| 8 | Supervisior | 1 | 0 | 2500 | ९६,२५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १८ गते (3rd Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

## Pachrauta Municipality
## Office of Municipal Executive

Benauli, Bara
Madhesh Pradesh, Nepal

### Re-Invitation for Bids

Invitation for Bids No.: NCB/PMUN/W/01/2082-083

Date of publication: 27-08-2025

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of wada no.01 chiran dekhi bhansar samm nala nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 12932421.90 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov. np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:


   | | |
   |---|---|
   | Name of the Bank: | NMB Bank Ltd. |
   | Name of Office: | Pachrauta Municipality, Bara |
   | Office Code no: | 80221403300 |
   | Office Account no: | 1140083164100010 |
   | Rajaswa (revenue) Shirshak no.: | 14229 |
   | Bid Document Cost : | Nr. 3000.00 |

4. Pre-bid meeting shall be held at Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal at 15-09-2025 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 26-09-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-09-2025 13:00 at the office of Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 323500.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

## 'कन्यादान' निर्माण घोषणा

चलचित्र 'कन्यादान' निर्माण घोषणा गरिएको छ। मंगलबार तिजको अवसर पारेर प्लानेट थ्री फिल्मसले चलचित्र निर्माणको घोषणा गरेको हो। चलचित्र अर्जुन सुवेदीले निर्देशन गर्नेछन्। सुवेदीद्वारा निर्देशित चलचित्र 'सोल्टिनी' प्रदर्शनको पर्खाइमा छ। सामाजिक संवेदनशील विषयलाई केन्द्रमा राखेर निर्माण हुने यस चलचित्रले विधवा महिलाको जीवन र समाजले दिने चुनौतीलाई पर्दामा उतार्ने छ। 'हरेक विधवाले दोस्रो अवसर पाउनुपर्छ' भन्ने थिम फिल्मको रहनेछ। फिल्मको लेखन कुमार भट्टराई र अर्जुन सुवेदीले मिलेर गरेका हुन्।






# 'गोल्डेन स्टार किड्स एण्ड युथ टयालेन्ट शो'मा २८ प्रतियोगी

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'गोल्डेन स्टार किड्स एण्ड युथ ट्यालेन्ट शो'का लागि २८ प्रतियोगी छानिएका छन् । राजधानीमा आयोजित छनौट चरणको अडिसनबाट यी प्रतियोगी फाइनलका लागि छानिएका हुन्। अडिसन चरणमा ९० बढी ब्यक्तिले गायन, नृत्य, अभिनयलगायत थुप्रै बिधामा आफुमा रहेको प्रतिभा प्रदर्शन गरेका थिए । ति मध्यबाट गायन, नृत्य, अभिनय लगायत बिधा समेट्दै २८ प्रतियोगी छानिएका हुन्।

नेपाली बालबालिका र युवाहरूले आफ्नो कला, सिर्जनशीलता र प्रतिभा विश्वसामु गर्वका साथ प्रस्तुत गर्नसक्ने बनाउन प्रतियोगीता आयोजना गरिएको प्रतियोगीताको इभेन्ट डाइरेक्टर रमेश जंग शाहीले बताए। प्रतियोगीताले नेपाललाई अन्तर्राष्ट्रिय प्रतिभा र फेशनको क्षेत्रमा मात्र होइन, विश्वस्तरमा नेपाली युवाहरूलाई चम्किन सक्ने अवसरको ढोका समेत खोल्ने उनको विश्वास रहेको छ।

प्रतियोगीतामा छानिएको प्रतियोगीतामा गोकुल पोखरेल, राजन बराइली, परिष्णा क्षेत्री, प्रमिशा तामाङ, पुष्पाञ्जली भट्टराई, मनोग्य शर्मा, रुकेश गिरी, आशु ढकाल, प्रियांशु न्यौपाने, प्रीति परियार, नम्रता मैनाली, समीप न्यौपाने, विज-इ-वन, अर्पणा घतानि, सोफिया विष्ट, सुस्मिता नेपाली, विवेक दनुवार, नमुना शाही, रितु सुनार, आँचल तामाङ, रोबिया आचार्य, श्रेया रौनियार, कल्पना महतो, अर्नव लकन्दरी, कुसुम भण्डारी, अल्विन खनाल, रुथ देवी र आयुष घिमिरे रहेका छन्।

प्रतियोगीताका विजेताले आगामी अक्टोबर ३० देखि नोभेम्बर ४ सम्म टर्कीको एन्टाल्यामा आयोजना हुने प्रतिष्ठित प्रतियोगिता र फेशन वीकको सातौं संस्करणमा नेपालको आधिकारी प्रतिनिधित्व गर्नेछन् । प्रतियोगीताको कोरियोग्राफर रोजिन शाक्य र नेशनल डाइरेक्टर श्रीमती प्रमिला सिलवाल रहेका छन्। गोल्डेन स्टार किड्स एण्ड युथ ट्यालेन्ट शो विश्वभरका बालबालिका र युवाहरूलाई एकै मञ्चमा ल्याउने प्रतिष्ठित अन्तर्राष्ट्रिय कार्यक्रम हो। जसले गायन, नृत्य, अभिनय, मोडलिङ्देखि वाद्यवादनसम्मका प्रतिभाहरूलाई प्रस्तुत गर्ने अवसर दिने गरेको छ।

प्रतियोगीताका विजेता जिनो पे मार्फत हुने सार्वजनिक मतदान र निर्णायकहरूको मूल्यांकको आधारमा हुनेछ। प्रतियोगीताको विजेता छनौट चरण आगामी १४ गते आयोजना हुने पहिलो राष्ट्रिय ट्यालेन्ट शोबाट हुनेछ। जसले नेपाली प्रतिभाहरूलाई विश्वका प्रतिष्ठित मञ्चहरूमध्ये एकमा अभूतपूर्व उपस्थितिको सुरुवात गराउनेछ।

# फिल्म हलमै मनाए सापकोटाले जन्मदिन



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म जनै हराएको मान्छे सम्बन्धका धागाहरूका अभिनेता भोलाराज सापकोटाले आफ्नो जन्मदिन फिल्म हलमा नै केक काटेर मनाएका छन्।

अभिनेता सापकोटासहित फिल्मको टिम नै शनिबार तीजको दिनमा विभिन्न हलमा पुगेर दर्शकसँग प्रतिक्रिया लिने क्रममा उनले कीर्तिपुर सिने फ्लेक्समा केक काटेर जन्म दिन मनाएका हुन्।

कीर्तिपुर, लबिम मल, फएक्यूब चाबहिललगायत काठमाडौं उपत्यकाका अधिकांश हलहरूमा आज फिल्म जनै हराएको मान्छेको शो हाउसफुल रहेको छ। चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'मा केकी अधिकारी, विजय बरालसँगै मिरुना मगर, शुशांक मैनाली, भोलाराज सापकोटा, गौरव पहाडी, रियर राई, भावना खपांगी मगर, रूपेश लामा, सुमन थापालागायतको अभिनय रहेको छ। अलटाइम ब्लकबस्टर चलचित्र 'पूर्णबहादुरको सारंगी'पछि विजय बरालको मुख्य भूमिकामा आउन लागेको यस वर्षको यो पहिलो चलचित्र हो।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन्। कार्यकारी निर्मातामा नारायण तिमिल्सिना, चूडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन्। थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रशान्त सिवाकोटीको संगीत रहेको चलचित्रमा नवीन गुरुङ डिओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको छ। चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका छन्।

दिनेशबहादुर राउत मुख्य सहायक निर्देशक रहेको सिनेमामा तर्कराज न्यौपाने, रवीन्द्र नेपाल, मोनिका थापा र आकाश केसी सहायक निर्देशक रहेका छन्। चलचित्रका निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल हुन् । गोविन्द शाहीको काफिया फिल्म्सले वितरणको जिम्मा लिएको छ।



# एसिटीविरूद्ध नेपाल दुवै खेलमा विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले ट्वान्टी-२० अभ्यास खेलमा अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी) विरुद्धका दुवै खेलमा जित पारेको छ । मंगलबार सम्पन्न दुवै खेलमा नेपालले फराकिलो अन्तरको जित हात पारेको हो।

पहिलो खेलमा सन्दीप लामिछानेको ह्याट्रिकका मद्दतले नेपालले एसीटीलाई ४१ रनले पराजित गरेको हो भने दोस्रो खेलमा दीपेन्द्र सिंह ऐरीको उत्कृष्ट प्रदर्शनसँगै ६ विकेटको जित हात पारेको छ । बिहान भएको पहिलो खेलमा लेगस्पीनर सन्दीप लामिछानेले ह्याट्रिकसहित ५ विकेट लिए पछि नेपालले एसीटीलाई ४१ रनले पराजित गरेको हो। नेपालले दिएको १७८ रनको लक्ष्य पछ्याएको एसीटी १७.२ ओभरमा १३६ रनमा अलआउट हुन बिबश भयो।

नेपालका लागि सन्दीपले ४ ओभरमा ३१ रन दिएर ५ विकेट लिएका हुन्। त्यस्तै करण केसीले २ तथा रूपेश सिंहले १ विकेट लिए पछि अष्ट्रेलिया दबाबमा परेको थियो । एसीटीका लागि जेक स्मिथले सर्वाधिक ५० तथा जाक केघले २५ रन बनाए भने काइ ब्रंकरले अन्त्यतिर केही आकर्षक शटहरू खेल्दै २६ रनमा बनाउन सफल भएका थिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङमा गएको नेपाली टोलीले २० ओभरमा ८ विकेट गुमाएर १७७ रन बनाएको थियो । नेपालका लागि ओपनर आसिफ शेखले सर्वाधिक ३८ बलमा ४ चौका र ५ छक्कासहित ६९ रन बनाए। कप्तान रोहित पौडेलले ३६ रनको योगदान दिए।

त्यस्तै दोस्रो खेलमा नेपाल ६ विकेटले विजयी भएको हो । एसिटीले प्रस्तुत गरेको ९७ रनको लक्ष्य नेपालले १३.२ ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको थियो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले अविजित ४२, गुल्शनकुमार झाले २३ र आरिफ शेखले अविजित ११ रन बनाए।

एसिटीका लागि एसिटीका लागि इसाम रहमानले दुई तथा लुइस इभन्स र देव दुबे समान एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको एसिटी १७.२ ओभरमा ९६ रनमै समेटियो । एसिटीका लागि निक ब्रोएसले १६, ज्याक केओघ, मिकी म्याकनमारा र टम होगनले समान १५ तथा जेक स्मिथले १० रन बनाए।

नेपालका लागि दीपेन्द्रसिंह ऐरी र शाहब आलमले समान चार तथा कप्तान रोहितकुमार पौडेल र गुल्शनकुमार झाले समान एक विकेट लिए। नेपालले अब २८ र ३० अगस्टमा साउथ अस्ट्रेलियाको टिमसँग पनि टी-२० र एक वान डे खेल खेल्नेछ।

# भक्त राना स्मृति चेसमा २५० खेलाडी

**काठमाडौं (प्रस)–** भक्त राना स्मृति खुला र्‍यापिड चेस प्रतियागिता राजधानीमा बुधबार सुरु हुँदैछ, जहाँ दुई लाख चार हजार रूपैयाँ पुरस्कारको लागि करिब दुई सय ५० खेलाडीले प्रतिस्पर्धा गर्दैछन्।

माओवादी केन्द्रनिकट अखिल नेपाल चेस संघ (एन्का) ले पूर्व छापामार भक्त रानाको स्मृतिमा फिडे रेटिङ १९०० मुनिका खेलाडी सहभागी हुने गरी प्रतियोगिता आयोजना गरेको हो । काभ्रेका रानाको निधन २०८१ साल भाद्र ११ गते भएको थियो। नेपाल बुद्धिचाल महासंघका वरिष्ठ उपाध्यक्षसमेत रहेका एन्का अध्यक्ष दिपेन राईले भने, 'खेलप्रेमीसमेत रहेकाले उहाँ (भक्त राना) को स्मृतिमा चेस प्रतियोगिता आयोजना गरिएको हो। नयाँ र प्रतिभावान खेलाडीलाई अवसर दिनको लागि १९०० रेटिङमुनिका खेलाडीलाई समावेश गरिएको हो । प्रतियोगितामा करिब २ सय ५० खेलाडीले प्रतिस्पर्धा गर्दैछन्।'

दस मिनेट र इन्क्रिमेन्ट १० सेकेन्डको र्‍यापिड चेसमा विजेताले ३० हजार, उपविजेताले २० हजार, तेस्रो हुनेले १५ हजार, चौथोले १० हजार, पाँचौंले ८ हजार र शीर्ष दसमा अटाउनेले जनही ६ हजार रुपिया पाउनेछन्। महिला, अनरेटेड, यू ८, यू १०, यू १२, यू १४, यू १६, यू १८, सातै प्रदेशका उत्कृष्ट खेलाडी, रेटिङ १८०० मुनि र १७०० मुनिका उत्कृष्ट गरी ३२ खेलाडी नगद पुरस्कारका हकदार हुनेछन्।

हिमालयन चेस एकेडेमीको सहयोगमा होटेल रोयल एयरपोर्ट, सिनामंगलमा सञ्चालन हुने दुई दिने प्रतियोगिताको उद्घाटन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गर्ने एन्का अध्यक्ष राईले बताए । एन्काले गत वर्ष फिडेमास्टर (एफएम) सुजेन्द्र श्रेष्ठ स्मृति भेट्रान चेस प्रतियोगिता आयोजना गरेको थियो, जहाँ सातै प्रदेशमा छनोट प्रतियोगिता आयोजना गरेपछि राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरिएको थियो।

**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर, सल्यान**
**कर्णाली प्रदेश नेपाल**

**नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाऊ पत्र/बोलपत्र पत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८२। ०५ । ११**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१) घ को (२) घ को (६) मा भएको व्यवस्था बमोजिम कालिमाटी गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८२।०८३ को लागि दरभाउपत्र/बोलपत्र बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरीएको छ। सूचना प्रकाशित भएको मितिले १५ र ३० दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र/बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन अनुरोध छ।

**आन्तरिक आय ठेक्का विवरण**

| क.सं | ठेक्का न. | नदी खोलाको घाटको विवरण | आ.व. २०८२ २०८३ को नदिजन्य पदार्थ बिक्रि परीमाण (घन फिटमा ) | आ.व.२०८२।८३ नदिजन्य पदार्थ बिक्रि वापत जम्मा बिक्रि शुल्कको न्यूनतम अंक भ्याट वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| 1 | KRM/SQ/GOODS/ 2082/83/02 | शारदा नदि (त्रिवेणी सिमाना माझखोला दोभान, कालिधरा कोलतरा, खैरेनी, पिप्ले, पुरुवा खेत सिम्लेछहरा, जुमखोला दोभान, जुमखोला) क्षेत्र | १९४५८३.८३ | ९७२९१९.१५८५ | कबोल अंकको ५% | १००० |
| 2 | KRM/NCB/ GOOD/ 2082/83/03 | बबई नदि को विभिन्न घाट (बाटुले कुसुमतरा, स्वामिबास, कुईने कुहिने खोला ढुंगा) क्षेत्र | ६५१२९०.८०१५ | ३२५६४५४.० | कबोल अंकको ५% | ३००० |

**ठेक्का सम्बन्धि शर्तहरू:**

१. ठेक्का अवधि सामान्यतया आ.व.२०८२।८३ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन।

२. सम्झैता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अङ्कको थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३. धरौटी वापत कबोल गरेको अंकको ५% रकम यस कालिमाटी गाउँपालिका सल्यान नविल बैंक कालिमाटी शाखा स्थित बैंक धरौटी खाता नं. २३४०१०१७५००१६ मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५ र १२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बिन्डको सक्कल प्रति) दरभाउपत्र/बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त 'बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

४. दरभाउपत्र / बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नबिल बैंक कालिमाटी शाखा स्थित आन्तरिक राजश्व खाता न २३४०१०१७५०००२७ मा दाखिला गर्नुपर्नेछ।

५. दरभाउपत्र/ बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको दरभाउपत्र /बोलपत्र उपर कुनै कारबाही गरीनेछैन।

६. उपरोक्त दरभाउपत्र / बोलपत्र हरुको लागि सूचना प्रकाशित भएको मितिले १६ र ३१ औं दिनको कार्यालय समय भित्र कालिमाटी गाउँपालिकाको कार्यालयमा खोलिनेछ।

७. दरभाउपत्र/बोलपत्र खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खोलिने छ।

८. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र/बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछ।

९. थप जानकारिको लागि कार्यालयम सम्पर्क गर्नसक्नु हुनेछ। सम्पर्क नम्बर ९८५७८४४३००

**प्रमुख प्रशासकीय अधिकृत**

# 'विश्वका चारमध्ये एक जना सुरक्षित पिउने पानीबाट वञ्चित'



**जेनेभा–** विश्वभर अझै पनि दुई अर्बभन्दा बढी मानिस सुरक्षित र व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित रहेको संयुक्त राष्ट्रसंघले चेतावनी दिएको छ । राष्ट्रसंघले मंगलबार प्रकाशित प्रतिवेदनमा सन् २०३० सम्ममा सबैका लागि सुरक्षित पानी र सरसफाइ उपलब्ध गराउने लक्ष्य अझै टाढिँदै गएको बताएको हो ।

संयुक्त राष्ट्रसंघको स्वास्थ्य संस्था (डब्लुएचओ) र बाल एजेन्सी (युनिसेफ) ले संयुक्तरूपमा जारी गरेको अध्ययनअनुसार गत वर्ष विश्वका चारमध्ये एक जना मानिस सुरक्षितरूपमा व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित थिए । अझै पनि करिब १० करोड मानिस सतहको पानीमै निर्भर छन्, जसले उनीहरूलाई रोगको उच्च जोखिममा पारेको छ ।

'पानी, सरसफाइ र स्वच्छता कुनै विशेषाधिकार होइन, ती आधारभूत मानव अधिकार हुन्,' डब्लुएचओका वातावरण विभागका प्रमुख रुडिगर क्रेचले भने, 'सबैभन्दा सीमान्तकृत समुदायहरूका लागि कामलाई तीव्र बनाउनैपर्छ ।'

प्रतिवेदनले पिउने पानीलाई पाँच तहमा वर्गीकरण गरेको छ । सबैभन्दा माथिल्लो तह 'सुरक्षितरूपमा व्यवस्थित' हो, जसमा पानी घरमै उपलब्ध हुने, आवश्यक बेला पाइने र मल तथा रासायनिक प्रदूषणबाट मुक्त हुने सुविधा समावेश हुन्छ । अन्य तहहरूमा आधारभूत (३० मिनेटभित्र सुधारिएको स्रोतमा पुग्ने), सीमित (३० मिनेटभन्दा बढी लाग्ने), असुरक्षित (असुरक्षित कुवा वा भूमिगत पानी) र सतहको पानी पर्दछन् ।

## पानी पहुँचमा प्रगति र चुनौती

सन् २०१५ देखि अहिलेसम्म ९६ करोड १० लाख मानिसले सुरक्षित पिउने पानीको पहुँच पाएका छन् । यस अवधिमा विश्वव्यापी पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशत पुगेको छ ।

तर अझै पनि दुई अर्ब १० करोड मानिस सुरक्षितरूपमा व्यवस्थित पिउने पानीविनै बाँचिरहेका छन् । तीमध्ये १० करोड ६० लाखले सतहको पानी प्रयोग गरेका छन् । यो संख्या एक दशकमा छ करोड १० लाखले घटेको भए पनि चुनौती गम्भीर नै छ ।

सन् २०१५ मा १४२ देशले सतहको पानी प्रयोगलाई पूर्णरूपमा हटाएका थिए भने २०२४ मा यो संख्या बढेर १५४ पुगेको छ । हालसम्म ८९ देशमा कम्तीमा आधारभूत पिउने पानी सबैका लागि उपलब्ध छ भने ३१ देशमा सुरक्षितरूपमा व्यवस्थित सेवाहरू पूर्णरूपमा पुगेका छन् । तर २८ देशमा अझै पनि चारमध्ये एक जनाभन्दा बढी आधारभूत सेवाबाट वञ्चित छन्, जसको धेरैजसो अफ्रिकी मुलुकमा केन्द्रित छ ।

## सरसफाइ र स्वच्छता सेवामा सुधार

सरसफाइको क्षेत्रमा पनि केही प्रगति भएको छ । सन् २०१५ देखि अहिलेसम्म एक अर्ब २० करोड मानिसले सुरक्षितरूपमा व्यवस्थित सरसफाइ सेवाको पहुँच पाएका छन् । यस अवधिमा पहुँच ४८ प्रतिशतबाट बढेर ५८ प्रतिशत पुगेको छ ।

सुरक्षित सरसफाइ भन्नाले साझा नभएको सुविधा र त्यहाँ उत्पादन भएको मल सुरक्षित रूपमा नष्ट वा प्रशोधन गरिएको अवस्थामा बुझिन्छ । खुला शौच गर्ने मानिसहरूको संख्या पनि घटेर सन् २०२४ मा ३५ करोड ४० लाख (विश्व जनसंख्याको चार प्रतिशत) मा झरेको छ । यो सन् २०१५ को तुलनामा करिब ४२ करोड ९० लाखले कम हो ।

यस्तै, आधारभूत स्वच्छता सेवामा पनि एक अर्ब ६० करोड मानिस थपिएका छन् । घरमै साबुन र पानीसहित हात धुने सुविधा पाउनेहरूको दर ६६ प्रतिशतबाट बढेर ८० प्रतिशत पुगेको छ ।

## बालबालिकामा असर

युनिसेफकी वाश विभाग प्रमुख सिसिलिया शार्पले चेतावनी दिँदै भने, 'जब बालबालिकाले सुरक्षित पानी, सरसफाइ र स्वच्छताको पहुँच पाउँदैनन्, उनीहरूको स्वास्थ्य, शिक्षा र भविष्य जोखिममा पर्छ ।'

उनले असमानताहरू विशेषगरी केटीहरूका लागि कडा हुने उल्लेख गरे । उनका अनुसार उनीहरूले प्रायः पानी ल्याउने जिम्मेवारी सम्हाल्छन् र मासिक धर्मका बेला थप कठिनाइ भोग्छन् । उनले भने, 'हालको गतिमा अघि बढ्दा प्रत्येक बालबालिकालाई सुरक्षित पानी र सरसफाइको वाचा अझै अधुरै रहन्छ ।' *रासस/एएफपी*

# भारतीय निर्वाचन आयोगमाथि धाँधलीको आरोप




**नयाँदिल्ली–** लामो समयदेखि विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको निष्पक्ष संरक्षक मानिँदै आएको भारतीय निर्वाचन आयोग अहिले आफ्नो विश्वसनीयता र स्वतन्त्रतामाथि अभूतपूर्व प्रश्न उठ्दै आलोचनाको घेरामा परेको छ ।

विपक्षी दलका नेता र आलोचकहरूले हालै सम्पन्न आमनिर्वाचनमा ठूलो मात्रामा धाँधली भएको र यसले सम्पूर्ण परिणाम प्रभावित पारेको आरोप लगाएका छन् । तर, निर्वाचन आयोगले भने सबै आरोपहरूलाई दृढतापूर्वक अस्वीकार गरेको छ ।

नयाँदिल्लीको संसद्मा प्रमुख विपक्षी नेता तथा कांग्रेस पार्टीका राहुल गान्धीले यस अभियानको नेतृत्व गरिरहेका छन् । उनले अघिल्लोपटक इलेक्ट्रोनिक मतदान मेसिनहरू त्रुटिपूर्ण भएको आरोप लगाएका थिए । अहिले भने उनले निर्वाचन आयोगले डिजिटल मतदाता रेकर्ड सार्वजनिक गर्न अस्वीकार गरेको बताउँदै आफ्ना समर्थकहरूले हप्तौंसम्म हातैले दर्ता सूचीहरू जाँच्दा भेटिएका त्रुटिहरू देखाएका छन् ।

## यस्ता छन् आरोप

५५ वर्षीय गान्धीले सन् २०२४ को संसदीय चुनावमा मत हेरफेरका कारण आफ्नो पार्टीले दर्जनौं सिट गुमाएको दाबी गरेका छन् । एक अर्ब ४० करोड जनसंख्या भएको भारतभरि छ हप्तासम्म चलेको यो चुनावलाई मानव इतिहासकै सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास मानिन्छ । गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) लाई समर्थन गर्न आयोगले मतदाता सूचीमा हेरफेर गरेको बताए । ७४ वर्षीय मोदीले गत वर्ष ऐतिहासिक तेस्रो कार्यकाल जिते पनि स्पष्ट बहुमत प्राप्त गर्न सकेका थिएनन् । गान्धीका अनुसार धाँधलीका रणनीतिहरूमा एउटै व्यक्तिको नामबाट धेरै पटक मतदान गर्नु, नक्कली ठेगाना प्रयोग गरेर मतदाता थप्नुजस्ता काम समावेश थिए ।

अगस्ट ७ मा उनले पत्रकार सम्मेलनमार्फत आफ्नो पार्टी सानो मतान्तरले हारेको निर्वाचन क्षेत्रमा एक लाखभन्दा बढी 'नक्कली' मत खसेको उदाहरण प्रस्तुत गरे । यस क्षेत्रमा कांग्रेस ३० हजारभन्दा बढी मतले पराजित भएको थियो । 'हाम्रो माग स्पष्ट छ- निर्वाचन आयोगले डिजिटल मतदाता सूची पारदर्शीरूपमा सार्वजनिक गरोस् ताकि जनता र राजनीतिक दलहरूले स्वतन्त्ररूपमा लेखापरीक्षण गर्न सकून्,' गान्धीले भने ।

## निर्वाचन आयोगको प्रतिक्रिया

भारतीय निर्वाचन आयोगले यी सबै आरोपलाई 'झूटा र भ्रामक' भनेको छ । मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आयोग कहिल्यै आफ्नो संवैधानिक कर्तव्यबाट पछि नहट्ने बताए ।

'निर्वाचन आयोगलाई राजनीतिक औजारका रूपमा प्रयोग गरेर भारतका मतदातालाई लक्षित गर्ने प्रयास भइरहेको छ,' उनले पत्रकार सम्मेलनमा भने, 'आयोग सबै मतदातासँग दृढतापूर्वक उभिएको छ र कुनै भेद्भावविना आफ्नो कर्तव्य पूरा गर्न निरन्तर प्रतिबद्ध छ ।' कुमारले आरोप लगाउनेहरूले प्रमाणसहित शपथपत्र पेस गर्न वा राष्ट्रसँग माफी माग्नुपर्ने चेतावनी पनि दिए ।


## किन अहिले ?

गान्धीले अगस्ट १७ मा बिहारमा एक महिनासम्म चल्ने 'मतदाता अधिकार' र्‍याली सुरु गरेका छन्, जसमा ठूलो जनसमर्थन प्राप्त भएको बताइएको छ । अक्टोबर वा नोभेम्बरमा त्यहाँ हुने विधानसभा चुनावअघि यी आरोपहरू चर्किएका हुन् । विपक्षीहरूले आयोगले पञ्जीकरण सुधारका नाममा कडा कागजात मागेर सामूहिक मताधिकार हनन गरेको दाबी गरेका छन् । तर, गत हप्ता भारतको सर्वोच्च अदालतले अधिकांश नागरिकसँग हुने बायोमेट्रिक आइडीलाई वैध मान्दै राहत दिएको छ ।

यसैबीच, कार्यकर्ताहरूले जीवित मतदातालाई मृत घोषित गरिएको, पूरा परिवारलाई दर्ता सूचीबाट हटाइएकोजस्ता घटनाहरू रिपोर्ट गरेका छन् । गान्धीले यसलाई 'अन्तिम षड्यन्त्र' भनेका छन् । बिहारमा मतदाता प्रमाणीकरण प्रक्रिया सेप्टेम्बर २५ भित्र सक्ने र अन्तिम सूची पाँच दिनपछि प्रकाशित गर्ने योजना छ ।

गान्धीले आरोप लगाउँदै भने, 'सुधारको नाममा उनीहरूले नयाँ मतदाता थप्ने र पुराना मतदाता हटाएर चुनाव चोर्न खोजेका छन् ।' आयोगले भने यो अभ्यास विदेशी अवैध आप्रवासीलाई मतदाता सूचीमा प्रवेश गर्न नदिन गरिएको स्पष्ट पारेको छ । मोदी नेतृत्वको भाजपाले लामो समयदेखि छिमेकी बंगलादेशबाट ठूलो संख्यामा कागजातविहीन आप्रवासी मुस्लिमहरू भारतको मतदाता सूचीमा प्रवेश गरेको दाबी गर्दै आएको छ । यता आयोगले बिहारमा मेसिनले पढ्न सकिने डिजिटल रेकर्डलाई स्क्यान गरिएको छविले प्रतिस्थापन गरेपछि आलोचना बढेको छ । *रासस/एएफपी*

# चीन-रुस सम्बन्ध अशान्त विश्वमा सबैभन्दा स्थिर : राष्ट्रपति सी



**बेइजिङ–** चिनियाँ राष्ट्रपति सी चिनफिङले मंगलबार चीन-रुस सम्बन्धलाई प्रमुख विश्व शक्तिहरूमध्ये 'सबैभन्दा स्थिर, परिपक्व र रणनीतिकरूपमा महत्त्वपूर्ण' भन्दै प्रशंसा गरेका छन् ।

रुसको डचुमा (संसद्को तल्लो सदन) का अध्यक्ष भाचेस्लाभ भोलोडिनसँगको भेटमा उनले चीन-रुस सम्बन्धलाई 'विश्व शान्तिको स्थिर स्रोत' को रूपमा वर्णन गरेको चिनियाँ राज्य सञ्चारमाध्यम सिसिटिभीले जानकारी दिएको छ ।

'दुवै पक्षले... दुवै देशको सुरक्षा र विकास हितको रक्षा गर्न, ग्लोबल साउथलाई एकताबद्ध गर्न, साँचो बहुपक्षवादलाई कायम राख्न र अन्तर्राष्ट्रिय व्यवस्थामा निष्पक्षता तथा न्याय प्रवर्द्धन गर्न मिलेर काम गर्नुपर्छ,' सीले बेइजिङको भव्य ग्रेट हल अफ द पिपुलमा आयोजित भेटमा भने ।

सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमाथि आक्रमण गरेपछि बेइजिङ र मस्कोबीचको सम्बन्ध अझ गहिरो बन्दै गएको छ । चीनले युद्धको निन्दा नगरेको र मस्कोलाई सेना फिर्ता लिन पनि आह्वान नगरेको स्पष्ट छ । युक्रेनका सहयोगी राष्ट्रहरूलाई चीनले आफ्नो विशाल उत्तरी छिमेकीलाई समर्थन गरिरहेको विश्वास छ । तर चीनले भने आफू तटस्थ रहेको दाबी गर्दै आएको छ र युद्ध अन्त्यका लागि नियमित आह्वान गर्दै पश्चिमी मुलुकहरूले युक्रेनलाई हतियार आपूर्ति गरेर द्वन्द्व लम्ब्याएको आरोप लगाइरहेको छ ।

यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसै सप्ताहन्तमा चीन भ्रमण गर्ने तय भएको छ । उनी अगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म उत्तरी सहर तियानजिनमा हुने सांघाई सहयोग संगठन (एससिओ) को शिखर सम्मेलनमा सहभागी हुने छन् । साथै, दोस्रो विश्वयुद्धको अन्त्यको ८०औं वार्षिकोत्सव कार्यक्रममा पनि उपस्थित हुने छन् ।

पुटिनले यस अवसरमा राष्ट्रपति सीसँग पनि वार्ता गर्ने छन् । उनीहरूबीच पहिले नै गहिरो व्यक्तिगत सम्बन्ध रहेको बताइन्छ ।

यसै महिना सीले फोनमार्फत पुटिनलाई मस्को-वासिङ्टन सम्बन्धमा देखिएको सुधारप्रति चीन खुसी भएको बताएका थिए । पुटिनले यसै महिना अलास्कामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग युक्रेन युद्ध अन्त्य गर्ने उद्देश्यले उच्चस्तरीय वार्ता गरेको थियो । तर त्यसपछिका दिनमा शान्ति वार्तामा खास प्रगति भएको देखिएको छैन । *रासस/एएफपी*


## Pachrauta Municipality
## Office of Municipal Executive
**Benauli, Bara**
**Madhesh Pradesh, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: NCB/PMUN/W/03/2082-083**
**Date of publication: 27-08-2025**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of wada no.01 chiran dekhi bhansar samm sadak dhalan under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 12933607.91 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov. np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra. gov.mp/egp.. Bidders, submitting their bid electronically, should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NMB Bank Ltd.
   Name of Office: Pachrauta Municipality, Bara
   Office Code no: 80221403300
   Office Account no: 1140083164100010
   Rajaswa (revenue) Shirshak no.: 14229
   Bid Document Cost: Nrs. 3000.00
4. Pre-bid meeting shall be held at Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal at 15-09-2025 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 26-09-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-09-2025 13:00 at the office of Pachrauta Municipality, Bara
   Bara
   Bara
   Madhesh Pradesh
   Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 323500.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९८७०० | प्रति तोला – ० | प्रति तोला – २३६० |



**माटोका भाँडा बनाइँदै** | सप्तरीको राजविराजस्थित हटियामा मंगलबार चौरचन पर्वका लागि माटोका भाँडा किनमेल गरिँदै । तराई मधेस क्षेत्रमा चन्द्रमाको पूजा गरी चौरचन पर्व मनाइँदै छ । *तस्बिर : अरुणकुमार यादव/रासस*

## 'समृद्ध नेपाल निर्माणमा देश बाहिरका नेपालीको लगानी आवश्यक छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले विश्वभरि छरिएर रहेका नेपालीलाई नेपालमा आएर लगानी गर्न आह्वान गरेका छन् ।

एसोसिएसन अफ नेपाली ओरिजियन (एएनओ) नेपाल च्याप्टरको प्रथम अधिवेशनको मंगलबार उद्घाटन गर्दै उनले विभिन्न कारणले विदेसिएका र विदेशमा व्यापार गरिरहेका नेपालीलाई स्वदेशमा लगानी गर्न आग्रह गरेका हुन् ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले भने, 'देशको विकास र समृद्धि नै नेपालीको सुख तथा समृद्धि भएकाले सरकारले सोहीअनुसार काम गरिरहेको छ । यसमा विदेशमा रहनुभएका नेपालीको सहयोग आवश्यक छ । सरकारले लगानीको वातावरण तयार पारिरहेको छ र अझै सहजीकरण गर्न तयार छ ।' सांस्कृतिक राष्ट्रियतालाई जोड्न पनि एएनओको भूमिका रहेको भन्दै उनले यस्ता कार्यक्रम आदानप्रदान हुन आवश्यक रहेकामा जोड दिए ।

एएनओका केन्द्रीय अध्यक्ष डिल्ली अधिकारीले आमनेपालीको सुनौलो भविष्य निर्माणमा सहयोग पुगोस् भन्ने उद्देश्यले विश्वका ३२ वटा देशमा रहेका नेपालीको सहभागितामा गत वर्ष थाइल्यान्डमा संस्था गठन गरिएको जानकारी दिए ।

महासचिव चुडामणि भट्टराईले एएनओ गठनको उद्देश्यबारे आफ्नो धारणा राखेका थिए । कार्यक्रम सञ्चालक नेपाल टेलिभिजन सञ्चालक समिति सदस्य फूलमान बलले पनि एएनओ गठनको उद्देश्यबारे जानकारी गराएका थिए । सम्मेलनमा इन्ट्रा फाउन्डेसन नेपाल च्याप्टरका अध्यक्ष बाबुकृष्ण कार्कीले पनि आफ्ना धारणा राखेका थिए ।

सम्मेलनमा पूर्वउपरथि कृष्णप्रसाद सापकोटाको संयोजकत्वमा १३ सदस्यीय एएनओको नेपाल च्याप्टरसमेत गठन गरिएको छ । समितिमा उपाध्यक्षमा राजेन्द्र अधिकारी, महासचिवमा फूलमान बल, सचिव कृष्णप्रसाद ओडारी तथा कोषाध्यक्षमा यमुना पराजुली अधिकारी चयन भएका छन् । साथै सदस्यमा गीता गुरुङ, डा. सुशीला नेपाली, रन्जन बिडारी, कृष्ण विक, रविता तामाङ, सुनिल थापा र दीक्षा चपाई चयन भएका छन् ।

## थोर्गेली गुड अब काठमाडौंमा पनि

**काठमाडौं (प्रस)–** गुल्मीको रुरु उत्थान कृषक समूहले 'कोसेली भनेकै थोर्गेली गुड' मूल मन्त्रसहित शतप्रतिशत अर्गानिक शुद्ध गुड प्रवर्द्धन गर्दै आएको छ । उक्त कृषक समूहले गुल्मीको थोर्गामा उत्पादन गरिएको गुडको प्रवर्द्धन गर्ने उद्देश्यसहित राजधानीमा एक स्टल सञ्चालन गरेको छ । उक्त स्टलबाट नेता प्रदीप ज्ञवाली र रुरु क्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवाली र पूर्व मुख्यसचिव लिलामणि पौडेलले गुँड र खुदोबाट उत्पादन गरिएको चकलेट सार्वजनिक गरेका थिए ।



रुरु उत्थान कृषक समूहका अध्यक्ष चिरञ्जिवी गौतमले समूहले उत्पादन गरेको गुड पूर्णरूपमा अर्गानिक भएको जनाउँदै यसका फाइदाहरूका बारेमा जानकारी गराएका थिए । गौतमले यस गुड शुद्ध अर्गानिक भएको जनाउँदै यस गुडको प्रयाले पाचन प्रणालीमा सुधार गर्ने, रगत शुद्ध पार्ने, शरीरबाट विषाक्त पदार्थ हटाउनेका साथै रोगप्रतिरोधात्मक क्षमता बढाउने पनि जनाए ।

निकट भविष्यमै आफूहरूले यस गुडलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने योजना बनाएको बताउँदै गौतमले त्यसका लागि प्रक्रिया सुरु भइसकेको पनि जनाए । उनले भने, 'यस गुडलाई कोसेलीकै रूपमा प्रयोग गर्ने गरि बजार प्रवर्द्धन गर्ने मुख्य योजना हो, अब विदेश जानेहरूले हाम्रो गुडलाई कोसेलीकै रूपमा प्रयोग गर्ने बनाउँछौं ।' उनले निकट भविष्यमै थाइल्याण्ड र फ्रान्समा गुँड निर्यात गर्नका लागि प्रक्रिया सुरु गरिसकेको जनाए ।

उक्त कार्यक्रममा नेता प्रदीप ज्ञवालीले यस गुड रुरु क्षेत्रकै पहिचानका रूपमा स्थापित बन्ने जनाउँदै त्यसका लागि रुरु क्षेत्रबासीका साथै सम्पूर्ण गुल्मेलीहरूले प्रयास गर्नुपर्ने जनाए । त्यसका लागि आफ्नो पनि सहयोग रहने प्रतिबद्धता जनाउँदै उक्त कृषक समूहले गरेको कार्यको प्रशंसा गरे ।

थोर्गामा उत्पादन गरिएको उक्त गुड हाल राजधानीको कलंकीस्थित एनविटि भवनमा उपलब्ध हुने पनि कृषक समूहका अध्यक्ष गौतमले जनाए । हाल प्रतिकिलो चार सय रूपैयाँमा गुड र चक्लेट प्रति प्याकेट २५० रूपैयाँमा उपलब्ध गराइएको पनि गौतमले जनाएका थिए ।

## नेप्से परिसूचकमा सामान्य सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । मंगलबार परिसूचक चार दशमलव ८३ अंकले बढेर दुई हजार ७६६ दशमलव ०९ बिन्दुमा कायम भएको हो । ३२२ कम्पनीको ९२ लाख ४३ हजार २३२ कित्ता शेयर ४५ हजार ११६ पटक खरिदबिक्री हुँदा रु चार अर्ब १८ करोड ५३ लाख १५ हजार ७३४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा लगानी समूह शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६८, लघुवित्त शून्य दशमलव ४८ र निर्जीवन बीमा समूह शून्य दशमलव १० प्रतिशतले




घटेको छभने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ९६, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव १७, जलविद्युत् शून्य दशमलव ०७ र जीवन बीमा समूह शून्य दशमलव ०६ प्रतिशतले बढेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव १३, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ४२ प्रतिशतले बढेको छ ।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कुमारी सबल योजनाको शेयर मूल्य तीन दशमलव ६६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ४८ करोड ९५ लाख ७८ हजार २२४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन ८०-२० को छ लाख ५२ हजार ८२ कित्ता शेयर किनबेच भएको छ ।

## जुम्ला र डोल्पाको स्याउ 'ब्राण्डिङ'मा समस्या

■ दामोदर खनाल

**बुटवल–** नेपाली अर्गानिक उत्पादन जुम्ला र डोल्पाको स्याउ रूपन्देहीको बुटवल, भैरहवा, मणिग्रामलगायतका बजारमा भित्रिन थालेको छ । नेपाली स्याउ रूपन्देहीका थोक तथा खुद्रा बजारमा उपलब्ध हुन थालेपछि भारतीय स्याउको बिक्री कम हुन थालेको व्यवसायी बताउँछन् ।

तर बोटमा टिपेका स्याउ विनाग्रेडिङ र स्तरीय प्याकेजिङ नगरी सोझै बजारमा पठाउँदा जुम्लाको स्याउ बजारमा 'ब्राण्डिङ' गर्न सकिएको छैन । जुम्ला र डोल्पाबाट रूपन्देहीको बजारसम्म स्याउ आइपुग्न दुईदेखि तीनदिन लाग्ने गर्दछ । सडक नराम्रो हुँदा ढुवानीमा समस्या भएको जुम्ला सदरमुकाम खलंगाबाट रूपन्देहीको मणिग्रामस्थित लुम्बिनी कृषि उपज थोक बजारमा स्याउ लिएर आएका ट्रक चालक गोपाल केसीले दुई दिन दुई रात लगाएर आइपुगेको बताए ।

जुम्लाबाट स्याउ लिएर बिक्रीका लागि रूपन्देही आइपुगेका व्यवसायी विष्णुबहादुर खत्रीले कार्टुनको अभाव र सडक नराम्रो हुँदा ढुवानीमा समस्या भएको बताए । एक ट्रक स्याउ जुम्लाबाट बुटवलसम्म लिएर आइपुग्दा एक लाख रूपैयाँ त भाडामै






सकिने किसानको भनाइ छ ।

जुम्लाका देवीदत्त न्यौपानेले जुम्लामा गोल्डेन, रोयल, चकलेटी, फुजीलगायत प्रजातिका स्याउ उत्पादन हुने गरेको बताए । उनले यस वर्ष स्याउ पातलो फले पनि दाना राम्रो भएको तर ढुवानीकै समस्या भएको गुनासो गरे । आफूहरूले समूहको स्याउ जम्मा गरेर बिक्रीका लागि लिएर आएको बताउँदै भने, 'कर्णालीका सांसद र मन्त्रीले किसानका समस्या बुझ्न जरुरी छ ।'

किसानसमेत रहेका न्यौपाने कर्णाली सरकारले भदौ १५ पछिमात्र स्याउ टिप्न भने पनि हरितालिकाका तीजलगायतका पर्व अगाडि नै परेकाले भदौ नलाग्दै स्याउ टिपेर बिक्रीका लागि बजारमा लिएर आएको बताउँछन् । गत वर्ष जुम्लाबाट मात्र करिब पाँच करोड रूपैयाँको स्याउ रूपन्देहीका बजारमा भित्रिएको थियो । यो पटक त्यो भन्दा बढी मूल्यको स्याउ भित्रने रूपन्देहीका फलफूल व्यवसायी टंक बस्यालले बताए ।

लुम्बिनी कृषि उपज थोक बजार मणिग्रामका अध्यक्ष भिमकान्त पन्थीले बजारमा जुम्ला र डोल्पाबाट स्याउ भित्रिन थालेपछि भारतीय स्याउ कम बिक्री हुन थालेको बताए । राम्रो प्याकेजिङ र ग्रेडिङ गर्ने हो भने राम्रो बजार भाउ पाउने उनको सुझाव छ । स्याउ राम्रो प्याकेजिङ नहुँदा कुच्चिने, दाग लागेर बिग्रने समस्या रहेको स्याउ व्यापारी बताउँछन् ।

हाल बजारमा जुम्ला र डोल्पाको स्याउको थोक मूल्य प्रतिकेजी १०० देखि १५० रूपैयाँ रहेको छ । जुम्लाबाट रूपन्देहीसम्म ढुवानी भाडा प्रतिकेजी स्याउको १२ देखि १५ रूपैयाँ लाग्ने गरेको छ । जुम्लामा स्याउको मूल्य गुणस्तरअनुसार प्रतिकेजी ५० देखि १०० रूपैयाँ रहेको छ । हाल त्यस क्षेत्रबाट दैनिक दुई ट्रकसम्म स्याउ रूपन्देही भित्रने गरेको छ । डोल्पाको स्याउ त्रिपुरा सुन्दरी नगरपालिका डोल्पाको कार्टुनमा प्याकेजिङ गरिए पनि जुम्लाका स्याउ चाइनिज स्याउ वा अन्य पुराना कार्टुनमा राखेर ढुवानी गरिएको देखिन्छ । त्यहाँका स्थानीय पालिका र कर्णाली सरकारले ढुवानी र कार्टुनमा सहयोग गरिदिने हो भने किसानलाई ठूलो राहत पुग्ने सरोकारवालाको भनाइ छ । यसले नेपाली स्याउको ब्राण्डिङसमेत हुने उनीहरू बताउँछन् ।

**बाढीबारे चासो राखौं, चनाखो बनौं**

बाढी र डुबान हुनुपूर्वको तयारीः

- वर्षायाममा सधैं मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका डुंगा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- आपतकालीन अवस्थाका लागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं,
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ